म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७१ मंगलबार २३ असोज २०८० ने. सं. ११४३ ञलगा 10 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं ।**

सार्वजनिक स्थल वा निकायमा:
- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं।
- हेलो सरकारको निशुल्क टेलिफोन नम्बर ११११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बढ्दो मानसिक रोगीको उपचार अब हेटौंडा अस्पतालमा

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ हेटौंडा अस्पतालमा आकस्मिक सेवा २५ शैया क्षमताको मनोचिकित्सा वार्ड सेवा र ओपिडि सेवा सञ्चालनमा आउने भएको छ । अस्पतालमा मानसिक स्वास्थ्य उपचारका लागि मनोचिकित्सा वार्ड सञ्चालनमा आउने भएको हो ।

सोमवार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले पत्रकार सम्मेलन गर्दै विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा हेटौंडा अस्पतालमा मंगलबार २५ शैयाको मनोचिकित्सा वार्ड सहित ओपीडि सेवा सुरुवात हुने जनाएको हो । प्रतिष्ठानका शिक्षाध्यक्ष डा.सुरेन्द्र शेर चनले तीनजना डाक्टर सहितको टोलीबाट मानसिक स्वास्थ्य उपचार गरिने बताएका छन् । उनले मानवसेवा आश्रममा ३० शैया क्षमताको मानसिक स्वास्थ्य पुनस्थापना केन्द्र सञ्चालन रहेको जानकारी दिउका छन् ।

अस्पतालमा सेवा सुचारु पछि प्रतिष्ठानले मकवानपुरका सबै स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीलाई मनोसामाजिक, मानसिक स्वास्थ्य सम्बन्धी प्रयाप्त तालिम प्रदान गरिने बताए । सामुदायिक रुपमा फार्मेसी समेत सञ्चालन गर्दै स्थानीय तहमा मासिक एक दिन ओपीडी सेवा प्रदान गर्ने प्रतिष्ठानको लक्ष्य रहेको बताए । हेटौंडा अस्पतालमा अन्य विषयका साथै मानसिक रोग विशेषज्ञको २ देखि ५ बजेसम्म विस्तारित जोपीडी सेवा दिने योजना माथि छलफल भएको समेत जनाएको छ ।

त्यसैगरी प्रतिष्ठानले यही चालु आर्थिक वर्षबाट एमडी साइक्याट्रिक वा मानसिक रोग विशेषज्ञ तयार गर्ने शैक्षिक कार्यक्रम सञ्चालनमा आउने जानकारी दिएको छ । यसका लागि प्रतिष्ठान चिकित्सा शिक्षा आयोगबाट




स्वीकृतिको लागि निरीक्षण गराउने क्रममा रहेको पनि शेरचनले बताए । उनका अनुसार जिल्ला सामुदायिक मानसिक स्वास्थ्य सेवा सञ्चालन पनि आउने जानकारी दिए । हालको लागि मकवानपुर जिल्लाको २ वटा गाउँपालिका केन्द्रमा महिनामा १ दिन ओपीडी सेवाप्रदान गरिने जनाएको छ ।

यसमा सामुदायिक फार्मेसी सेवा समेत सञ्चालनमा ल्याइने प्रतिष्ठानको योजना छ । आगामी आर्थिक वर्षमा भने मकवानपुरको १० वटै गाउँपालिका केन्द्रमा महिनामा १ पटक मानसिक रोग विशेषज्ञ सहितको टोलीले महिनामा १ दिन मानसिक स्वास्थ्य सेवा संचालनमा आउने जनाइएको छ । २०७२ सालको आम बिनाशकारी भुकम्प तथा विश्वब्यापी कोभिड-१९ को महामारीपछि मानसिक समस्या अत्यधिक बढेको छ । लागूऔषध दुर्व्यसनी र मादकपदार्थ अत्यधिक सेवनका कारण पनि मानसिक समस्या बढी देखिएको छ ।

विविध कारणले गर्दा पुरुषलाई भन्दा बढी महिलालाई मानसिक समस्या देखिने गरेको छ । महिलालाई सामाजिक रुपमा विभेद, स्वतन्त्रताको अभाव र अधिकतम कामको जिम्मेवारी जस्ता बिषयले मानसिक समस्या निम्तिने गरेको छ । मानसिक बिरामीको संख्या बढ्दो क्रममा छ । मनोचिकित्सकका अनुसार सामान्यतया मानव मस्तिष्कले गर्ने विभिन्न कार्य बोली, चेतना, भावना, विचार, स्मृति, स्मरण शक्ति आदि कार्यमा गडबडी हुनु मानसिक समस्या हो ।

प्रतिष्ठानले बृहत समष्ठिगत एकीकृत मानसिक स्वास्थ्यसेवा विकास गर्ने बताइएको छ । 'सुरुमा मकवानपुर जिल्लामा र पछि वागमती प्रदेशको सम्पूर्ण जिल्लामा लागू गर्ने योजना छ,' डा.शेरचनले भने, 'यसरी नेपालको मौलिक परिस्थिति सापेक्ष नमूना मानसिक स्वास्थ्य सेवा पद्दति विकास गर्ने बृहत्तर उद्देश्य सहित अगाडि बढ्न प्रयत्नरत छौं ।'

प्रतिष्ठानको एजेण्डा मनोरोगिको उपचार र पुनर्स्थापना सेवामा सीमित मानसिक स्वास्थ्य सेवा पद्दतिको विकासमा मात्र संकुचित नभएको जनाएको छ । मानसिक स्वास्थ्यको प्रवर्द्धनमा ठोस पाइलाहरु चाल्नु महत्वपूर्ण विषय भएको हुनाले पनि आत्महत्या, दुर्व्यसन, हिंसा, डर, भय, चिन्ता जस्ता आजको आधुनिक समाजको विद्यमान समस्याको समाधान आध्यात्मिक विकासको माध्यमद्वारा गर्न सकिने पनि जनाइएको छ ।

प्रतिष्ठानले मनोचिकित्सा वार्ड सेवा र ओपीडी सेवा सञ्चालनमा प्रदेश सरकार र स्वास्थ्य मन्त्रालय, हेटौंडा उपमहानगर पालिका, कोशिस नामक गैहसरकारी संस्था, मानवसेवा आश्रम जस्ता मानवसेवामा समर्पित संस्था तथा निकायसँग सहकार्य गरेर देशको लागि उदाहरणीय मानसिक स्वास्थ्य सेवा पद्दति विकास गर्न सबैसँग सहकार्य गर्ने जनाएको छ ।

**हेटौंडामा मानसिक स्वास्थ्य सेवाको अवस्था**

बागमती प्रदेश सरकारको गौरव आयोजनाको रुपमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा २०७६ सालमा स्थापित भएको हो । यसको मूल एजेण्डामा कुशल, दक्ष उच्चस्तरीय स्वास्थ्य जनशक्ति तयार गर्ने, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने र स्वास्थ्य क्षेत्रमा आवश्यक अनुसन्धान कार्यहरु गर्ने हो । हाल ४ वटा विषयमा स्नातक तह (नर्सिङ, जनस्वास्थ्य फार्मेसी, ल्याव) का कार्यक्रमहरु संचालनमा छन् भने १ वर्षे एनेस्थेसिया सहायक तालिम चालु आर्थिक वर्षमा नै संचालन हुँदै छ ।

४ वटा विषयमा स्नातकोतर तहको विशेषज्ञ चिकित्सक तयार गर्ने शैक्षिक कार्यक्रमहरु आउँदैछन् । त्यसैगरी हेटौंडा अस्पतालको स्तरोन्तिमा यथेष्ट प्रयासहरु भएका छन् । तर, विगत २ वर्षदेखि हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका नीतिगत अस्पष्टताको कारण प्रतिष्ठानले पूर्ण क्षमतामा काम गर्न र गतिशील हुन कठिन भएको छ ।

फलस्वरुप हेटौंडा अस्पतालमा मानसिक स्वास्थ्य सेवा स्थापना नहुनु विडम्बनापूर्ण मान्नु पर्दछ । स्थानीयस्तरमा पनि व्यवस्था हुनुपर्ने आधारभूत मानसिक स्वास्थ्य सेवा उपलब्ध हुने त कुरै भएन । हेटौंडास्थित मानवसेवा आश्रमले भने अतुलनीय मानवसेवा गरेर मानसिक स्वास्थ्य पुनस्थापनाको क्षेत्रमा गहकिलो योगदान पुऱ्याएको हुनाले शुन्य मानसिक स्वास्थ्य सेवा हुन परेको छैन ।

पत्रकार सम्मेलनमा प्रतिष्ठानका डिन दुर्गा मिश्र खड्का, स्वास्थ्य मन्त्रालयका चिकित्सा महाशाखा प्रमुख डा. खगेन्द्र गेलाल, शिक्षाध्यक्ष डा. सुरेन्द्र शेरचन, स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजार, अस्पतालका रजिष्ट्रार राजेश प्रसाईं, मेसु डा. रामचन्द्र सापकोटालगायतको सहभागिता रहेको थियो ।

# बागमती प्रदेशसभाबाट दुई विधेयक पारित



साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ बागमती प्रदेशसभाको सोमबार साँझ बसेको बैठकबाट दुईवटा विधेयक पारित भएको छ । बैठकबाट प्रदेश संचारमाध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको हो ।

बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले संचारसम्बन्धी र संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनले सरकारी कामकाजको भाषासम्बन्धी विधेयकलाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गरेका थिए । त्यसपछि दुवै विधेयक पारित भएको हो ।

सञ्चारमाध्यम व्यवस्थापन ऐनमा भएका केही प्रावधान संशोधन गरिएको छ । नवीकरण नगरी कार्यक्रम सञ्चालन गर्ने सञ्चार संस्थाले उठाएको विज्ञापनबापत उठाएको शुल्क असुलउपर गर्ने व्यवस्थालाई हटाई कुनै सञ्चार माध्यमले ऐन तथा नियमावली बमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा त्यस्तो सञ्चार संस्थाका सम्बन्धमा प्रचलित संघीय कानुनबमोजिम कारबाहीका संघीय सरकारमा लेखी पठाउने व्यवस्था राखिएको छ ।

यसैगरी, संशोधनमा एफएम रेडियोको इजाजत प्राप्त गर्ने संस्थाले एक वर्षभित्र प्रसारण गर्न नसकेको मनासिब कारण देखाएमा अर्को ६ महिना प्रसारण गर्ने अवधि थप गरिदिन सक्ने व्यवस्था छ । थप अवधिभित्र पनि प्रसारण नगरेमा सम्बन्धित संस्थाले प्राप्त गरेको फ्रिक्वीन्सीका सम्बन्धमा संघीय सर कारलाई जानकारी गराउने संशोधित व्यवस्थामा उल्लेख छ । प्रदेश सरकारका लोककल्याणकारी सूचना तथा विज्ञापनलाई प्रदेशमा दर्ता भएका सञ्चारमाध्यमलाई मन्त्रालयले तोकेको कार्यविधिबमोजिम वितरण गर्ने व्यवस्था पनि संशोधन विधेयकमा उल्लेख छ ।

प्रदेशमा क्रियाशील पत्रकार र सञ्चारमाध्यम लक्षित गरी अध्ययन सामग्री उत्पादन तथा वितरण र क्षमता विकासका लागि तालिम, लेखनवृत्ति तथा प्राविधिक परामर्श कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था संशोधनमा राखिएको छ । संशोधनमा प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकेको मापदण्ड र तोकिएको विधामा पुरस्कृत गर्न सक्ने व्यवस्था पनि रहेको छ ।

सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशप्रमुखबाट प्रमाणीकरण भइ प्रदेश राजपत्रमा प्रकाशित भएपछि ऐनको रुप लिनेछ । यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको १८० दिनपछि मात्र लागु हुनेछ । ऐन कार्यान्वयन भएसँगै प्रदेशको सरकारी कामकाजमा नेपाल र तामाङ भाषाको प्रयोग गर्न सक्ने र राजपत्रसमेत सो भाषाहरुमा प्रकाशन गर्न सक्ने व्यवस्था रहेको छ ।

नेपाली भाषाबाहेक प्रदेशभित्र बहुसंख्यक नागरिकले बोल्ने तामाङ र नेपाल भाषाको संरक्षण, सम्वर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा सहज पहुँचलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता कायम गर्न वाञ्छनीय भएकाले प्रदेश सरकारले यो ऐन निर्माण गरेको बताइएको छ ।

यसैगरी, बैठकमा उद्योग पर्यटन तथा वातावरण समितिका जेष्ठ सदस्य याङ्किला शेर्पाले प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिले गरेको निर्णयको प्रतिवेदन पेश गरेकी थिइन् । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको घोषणा गरे ।

# दसैंको मुखमा स्थानीय तहका कर्मचारी आन्दोलित




साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ पछिल्लो समय स्थानीयतहका कर्मचारीहरु आन्दोलनरत छन् । स्थानीय निकायमा कार्यरत कर्मचारीको मानमर्द भएको, ऐन विहिनताको अवस्था भएको भन्दै स्थानीय तहका कर्मचारीहरु आन्दोलनमा उत्रिएका हुन् ।

गत असोज १९ गतेदेखि काठमाडौंस्थित माइतीघर मण्डलामा कर्मचारीहरुले प्रदर्शन गरीरहेका छन् । सोमबारदेखि मनहरी गाउँपालिकामा कार्यरत कर्मचारीले पनि अत्यावश्यक बाहेकका सबै सेवाहरु अनिश्चित कालका लागि बन्द गरेका छन् । सोमबार गाउँपालिकाका कार्यवाहक अध्यक्ष शिवप्रसाद खनाल र निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराईलाइ आफ्नो मागसहितको ज्ञापनपत्र बुझाउँदै सेवा बन्द गराएका हुन् ।

उनीहरुले 'पेन डाउन' गरिएको घोषणा गरे । ११ बुँदे माग राख्दै सम्बोधन नभएसम्मका लागि सेवा ठप्प गरीने वडा नं ५ का सचिव विदुर पाठकले जानकारी दिए । ज्ञापनपत्र बुझ्दै कार्यवाहक अध्यक्ष खनालले कर्मचारीको अधिकारको लागि आफूले पनि पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । कर्मचारीले स्थानीय जनतालाई सेवा दिएकै कारण आफू जनप्रतिनिधि सफल भएकाले अत्यावश्यक सेवा नरोकिदिन उनले आग्रह समेत गरे ।

यस्तै गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भट्टराईले स्थानीय तहका कर्मचारीको जायज मागहरु पुरा हुनुपर्ने घरणा व्यक्त गरे । उनले भने, तपाईंहरुको विज्ञप्तीमा सवल र दुर्वल दुवै पक्षहरु छन् ।

सरकारले उचित बिचार गरेर एकीकृत निजामति ऐन बनाउन आवश्यक छ । कर्मचारीले गाउँपालिका अगाडि कालो व्यानरमा आफ्नो मागहरु राखेर केहीबेर शान्तिपूर्ण ढंगले प्रदर्शन गरेका थिए ।

# चार दशक अघिको सडक स्तरीकरण गर्दै कैलाश

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ चार दशक अघिदेखि मोटर चल्ने सडक खन्न सुरु गरिएको थियो चुनियाँको पहरोबाट । त्यसयता यो सडक खण्डमा कनिका छरेझैं सालिन्दा बजेट हालिन्छ तर, स्तरीकरण गर्न पुग्दैन । पछिल्लो समय चुनियाँ-नामटार-कालिकाटार सडक स्तरोन्नतिका लागि कैलाश गाउँपालिकाले शिलान्यास गरेको छ ।

कैलाश गाउँपालिकाको प्रमुख पहुँचमार्गको रुपमा रहेको यो सडकको सोमबार एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान र उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले संयुक्तरुपमा शिलान्यास गरेका हुन् ।

सो क्रममा गाउँपालिकाका अध्यक्ष मुक्तानले आफू जनप्रतिनिधिको रुपमा निर्वाचित भइसकेपछि अन्य कुराको सँगसँगै सडक स्तरोन्नतिका लागि निरन्तर संघ र प्रदेश सरकारसँग पहल गरेको बताउँदै यसको परिणामस्वरुप पछिल्लो समय बजेट विनियोजन भइरहेको जानकारी दिए ।

उनले सडकमा बजेट विनियोजनका लागि प्रदेशसभा सदस्य



ईन्द्रबहादुर बानियाँको विशेष भूमिका रहेको उल्लेख गरे । उनले सडक स्तरोन्नतिसहित कालोपत्रेको काम पनि अघि बढाउने दृढता व्यक्त गरे । यस्तै, गाउँपालिकाका उपाध्यक्ष ठकुरीले सबैको साथ सहयोगबाट मात्रै स्थानीय क्षेत्रको विकास हुने बताए । साथै उनले सडक निर्माणका क्रममा निरन्तर निगरानी र अनुगमन गर्न स्थानीयलाई आग्रह गरे ।

कुमल्टारदेखि बनझाक्री खोल्चा (च्याखेटार) खण्डको साढे ७ किलोमिटर सडक स्तरोन्नतिका लागि पूर्वाधार विकास कार्यालय चितवनबाट अमृता/आकृति मालिका/गोले जेभी हेटौंडा-१ ले ठेक्का लिएको छ । भ्याटसहित १४ करोड २१ लाख २९ हजार ५ सय ९० रूपैयाँमा ठेक्का सम्झौता भएको चुनियाँ-नामटार-कालिकाटार सडक स्तरोन्नतिको काम १८ महिनाभित्रै सम्पन्न गर्ने जनाइएको छ ।

शिलान्यास कार्यक्रम कैलाश-१० का वडाध्यक्ष सूर्यबहादुर ब्लोनको सभाध्यक्षतामा भएको हो । कार्यक्रममा कैलाश-९ का वडाध्यक्ष भुवनसिं घलान, निर्माण व्यवसायी सुनिल गोले, स्थानीय कमल अर्याल, कैलाशका प्रमुख प्रशासकीय अधिकृत विनोद रोकालगायतको सहभागिता रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा


# कालोबजारी र उपभोक्ता

चाडपर्वको समयमा अप्रत्यासित रुपमा मूल्यवृद्धि गर्ने, कालोबजारी, कृत्रिमअभाव, न्यून गुणस्तरका सामान बिक्री गर्ने समस्या पुरानै रोग हो । सरकारी संयन्त्रले अनुगमन पनि गरिरहेकै छ तर, कालोबजारी गर्नेहरु पनि एक कदम अगाडि नै छन् । सरकारी संयन्त्रको अनुगमन पुरानै ढर्रामा चलिरहेको छ । प्रहरी, प्रशासन कार्यालयले गर्ने अनुगमन प्राय: उजुरी परेपछि मात्र हुने गरेको छ । आर्थिक मन्दीले सर्वसाधारणको जीवनयापन अत्यन्तै कष्टकर बन्दै गएको अवस्था छ । हाम्रो आफ्नो उत्पादन नभएको बस्तु भन्सारबाटै अण्डर बिलिङमा आयात हुन्छ र महँगोमा बिक्री भइरहेको छ । स्वदेशमा उत्पादन गर्न सकिने उपभोग्य बस्तु पनि विदेशबाट आयात भइरहेको छ । प्रतिनिधिसभा बैठकको शून्य समयमा सांसदहरुले मूल्यवृद्धि गर्ने, कालोबजारी, कृत्रिमअभावलगायतका विषय सम्बोधन गर्नका लागि संसदमार्फत् सरकारको ध्यानाकर्षण गराएका छन् ।

जनताका प्रतिनिधिका रुपमा चुनिएका सांसदहरुले पनि संसदमा बोल्ने बाहेक केही हुन नसकेको आरोप लाग्ने गरेको छ । उपभोक्ता बजार अनुगमन, सवारी टिकटको सहज व्यवस्थापन, दैनिक उपभोग्य वस्तुको पर्याप्त आपूर्ति, शान्तिसुरक्षा कायम गर्नेलगायतका विषयमा सांसदहरुले सदनमा बोलेका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरले गत असोज ५ गतेको कार्यालय प्रमुखको बैठकमा चाडपर्वको समयमा नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाउन सबै पालिकाले अनुगमन गर्ने गराउने व्यवस्था मिलाउन आग्रह गरेको थियो । बिषयगत कार्यालयहरुले पनि नियमित एवम् आकस्मिक रुपमा बजार अनुगमन गर्ने, गराउने व्यवस्था गर्ने निर्णय भएको छ । प्रशासनले चाडपर्वको मौकामा हुनसक्ने कालोबजारी, कृत्रिम अभाव सृजना गर्नेलाई नियमित अनुगमन गरी कानुनी कारबाहीको दायरा ल्याउने काम भइरहेको जनाएको छ । जिल्ला प्रशासनले चाडपर्वलक्षित बजार अनुगमन थालेको छ । हेटौंडा उपमहानगर भित्रका खाद्यान्न, लत्ताकपडा, भाँडा, रंगलगायतका १२ वटा पसलमा आइतबार अनुगमन गरिएको छ । बजार अनुगमन स्थानीय तहमा पनि गरिने प्रशासनले जानकारी दिएको छ । तर, यो अनुगमनकै भरमा आमउपभोक्ताले भोग्नु परेको चर्को महँगी, कालोबजारी र गुणस्तरहीन वस्तुको समस्या समाधान हुने अवस्था छैन ।

जनस्वास्थ्यसँग जोडिने, उपभोग्य अधिकारसँग जोडिने कुरामा हालसम्मको प्रयास प्रभावकारी देखिँदैन । खाद्यान्न, तरकारीजन्य वस्तुमा प्रयोग भइरहेको हानिकारक विषादिको विषयमा कुरा उठाउने मात्र काम भएको छ । समाधान निकाल्ने निकाय चुपचाप देखिन्छ । बाहिरबाट आयात गरिएका फलफूल, तरकारी, खाद्यसामग्रीमा विषादि परीक्षण गर्ने कुरा भाषणमा मात्र सीमित भएको छ । नेपालको अधिकांश युवा जनशक्ति विदेशिनु, कृषिक्षेत्रको उत्पादनमा सुधार हुन नसक्नु, गुणस्तरहीन आयातलाई सरकारले निर्वाद भित्रन दिनु, ब्यापारीले मनलाग्दी मूल्यबृद्धि गर्दा कडा कारबाही गर्न नसक्नु सरकारको कमजोरी हो ।

# संरचनागत सुधारको पर्खाइमा अर्थतन्त्र



नरबहादुर थापा

नेपाली अर्थतन्त्र लामो समयदेखि संरचनागत समस्यामा छ । उच्च लागत तथा प्रक्रियागत झन्झटका कारण नेपाली अर्थतन्त्र एकातिर प्रतिस्पर्धी बन्न सकेको छैन भने अर्कातर्फ गुणस्तरीय तथा अत्यावश्यक पूर्वाधारको कमीका कारण सामाजिक-आर्थिक रूपान्तरणको मुद्दा ओझेलमा परिरहेको छ ।

**संरचनागत सुधारको पर्खाइमा अर्थतन्त्र**

समन्वय संयन्त्रमा सुधार आउन नसक्दा राष्ट्रिय पुँजी निर्माणले गति लिन सकेको छैन । मिलेमतो प्रवृत्तिलाई चिर्न नसक्दा मुलुकको स्रोतको कुशल बाँडफाँट हुन सकेको छैन, आम उपभोक्तासमेत शोषणमा परेका छन् । अनौपचारिक अर्थतन्त्र बढ्दो क्रममा रहँदा एकातिर अर्थतन्त्रको उत्पादकत्वमा सुधार आउन सकेको छैन भने अर्कातर्फ कर्पोरेट क्षेत्रको विकासबाट मुलुकले अपेक्षित लाभ लिन सकेको छैन । विश्व पुँजी, प्रविधि तथा बजारसँग जोडिन नसक्दा नेपाली अर्थतन्त्रको रूपान्तरण हुन सकेको छैन ।

यी संरचनागत समस्याका कारण २० वर्षयता कामका लागि विदेशमा जाने नेपालीहरूको संख्या बढ्दो छ । उनीहरूले पठाएको विप्रेषणबाट भएको विदेशी मुद्रा सञ्चितिले मुलुकलाई ठूलो राहत दिएको छ । अदक्ष कामदारले पठाउने विप्रेषणको सबैभन्दा ठूलो योगदान गरिबी न्यूनीकरणमा देखिएको छ । विप्रेषण आप्रवाहका कारण दुई दशकयता मुलुकले विदेशी मुद्रा अभावको समस्या भोग्नुपरेको छैन । विप्रेषणबाट आर्जित विदेशी मुद्रा सञ्चितिले मुलुकको आर्थिक रूपान्तरणका लागि नेपाल सरकार र निजी क्षेत्रलाई अवसर दिएको थियो तर सोको सदुपयोग हुन नसक्दा अर्थतन्त्रको संरचनामा अपेक्षित फेरबदल भएन । उत्पादनशील क्षेत्र तथा पुँजी निर्माणमा प्रयोग हुनुपर्ने विप्रेषण उपभोग तथा सट्टेबाजी लगानीमा सीमित हुन पुग्यो ।

विप्रेषणले दिएको सहजतामा नीतिनिर्माता तथा निजी क्षेत्र रमाउँदा माथि उल्लेख गरिएका संरचनागत सुधारको एजेन्डा ओझेलमा पर्दै आयो । नीतिनिर्माता तथा आर्थिक विश्लेषकको ध्यान समष्टिगत आर्थिक व्यवस्थापन र खास स्वार्थ समूह तथा पुँजीगत लाभकेन्द्रित लगानीकर्ताको हित संरक्षणमा सीमित रहन पुग्यो । यसरी आरामदायी ढंगले चल्दै आएको नेपाली अर्थतन्त्रका आधारभूत समस्याहरू सतहमा ल्याउने काम कोभिड महामारी र रुस-युक्रेन युद्धले गर्‍यो ।

राहत दिने उद्देश्य राखी कोभिडकालीन आवश्यकताभन्दा बढीको मौद्रिक प्रोत्साहन, पुनर्कर्जाका नाममा पैसाको छपाइ र नियमनकारी छुटले १४ महिनासम्म मुलुकको शोधनान्तर घाटामा जाने स्थिति आयो । योसँगै विदेशी विनिमय सञ्चितिमा उल्लेख्य कमी आयो भने छोटो समयमा घरजग्गा तथा सेयरको तीन गुणा मूल्य वृद्धि हुन पुगे । फलस्वरूप मुलुकले वित्तीय असन्तुलनको समस्या बेहोर्नुपर्‍यो । बाह्य क्षेत्रमा देखिएका समस्या समाधान गर्न पहिलो चरणमा अवलम्बन गर्नुपर्ने विवेकशील नियमहरू प्रयोग नगरी उल्टै निलम्बनमा राख्दा अन्तिम चरणमा प्रयोग गरिने प्रतीतपत्र सम्बन्धी मार्जिन तथा केही वस्तु समूहको आयात प्रतिबन्धका कारण अर्थतन्त्रले चक्र फेर्‍यो । अन्तर्राष्ट्रिय मुद्रा कोषलाई नीति निर्माणमा निम्त्याउनुपर्‍यो ।

आयातमा लगाएको परिमाणात्मक बन्देजका कारण मुलुकको शोधनान्तर स्थिति १२ महिनायता बचतमा त फर्क्यो तर अर्थतन्त्र मन्दीको दिशाउन्मुख भयो । रुस-युक्रेन युद्धको प्रतिकूल प्रभाव नेपालीले बेहोर्नुपर्‍यो । अर्थतन्त्रलाई चलायमान गराउने दातृ निकायको संलग्नतामा कमी आएको छ । यो कमीको सबैभन्दा ठूलो प्रभाव सीमान्तीकृत समुदाय र शैक्षिक बेरोजगारीमा परेको छ ।

**आर्थिक सूचक**

विप्रेषण, शोधनान्तर र विदेशी विनिमय सञ्चितिबाहेक घरेलु अर्थतन्त्रको कुनै पनि सूचक सुखद देखिँदैन । नेपाल सरकारले परिचालन गर्ने राजस्व निरन्तर घट्दो क्रममा छ । आर्थिक वर्ष २०७९-८० को राजस्व संकलन लक्ष्यको तुलनामा ऐतिहासिक रूपमा कम रह्यो । आर्थिक वर्ष २०८०-८१ को पहिलो दुई महिनामा संकलन भएको राजस्व अघिल्लो वर्षको भन्दा पनि कम रहेको तथ्यले मुलुकको अर्थतन्त्रमा खासै सुधार भएको देखाउँदैन । सबैभन्दा चिन्ताको विषय कुल गार्हस्थ्य उत्पादनसँगको राजस्व अनुपात साढे २२ प्रतिशतबाट करिब १८ प्रतिशतमा झर्नु रहेको छ । बजेट कार्यान्वयनको एक प्रमुख आधार राजस्व रहने गर्दछ । नेपाल सरकारप्रतिको जनविश्वास जोगाउन तथा निराशा चिर्न राजस्व परिचालनको स्थितिलाई केन्द्रविन्दुमा राख्नैपर्छ ।

पछिल्लो समय आयात निरन्तर घटिरहेको छ । आर्थिक वर्ष २०७९-८० देखि घटिरहेको आयात चालु आर्थिक वर्षको पहिलो दुई महिनामा पनि थप घट्नु चिन्ताको विषय हो । आयात घट्दा शोधनान्तर स्थितिमा थप सुधार त आउला तर अर्थतन्त्रमा भिन्नता आउँदैन । अहिलेको प्रतिमहिना १३० अर्ब बराबरको आयात जबसम्म २०० अर्ब पुग्ने स्थिति आउँदैन तबसम्म अर्थतन्त्र पूर्ववत् अवस्थामा फर्किन्न ।

निजी क्षेत्रमा जाने बैंक कर्जाले पनि अर्थतन्त्रको राम्रो संकेत दिँदैन । मूल्यवृद्धि साढे ७ प्रतिशत भएको मुलुकमा बैंक कर्जा वृद्धि ५ प्रतिशतभन्दा मुनि रहनुले निजी क्षेत्रको लगानीप्रतिको मनोदशा चित्रण गर्दछ । यस पृष्ठभूमिका केकति कारण निजी क्षेत्र लगानी गर्न तयार छैन भन्नेतर्फ गम्भीर रूपमा सोच्नु र नीतिगत विश्लेषण गर्न जरुरी भइसकेको छ । बजार ब्याजदर कोभिडकालीन अवस्थामा फर्केको छ । अर्थतन्त्र मन्दीमा गएको छ, वस्तु तथा सेवाको मागमा कमी आएको छह अर्कातिर, मुद्रास्फीति र बजार ब्याजदर दुवै उच्च छन् । यो स्थितिले धेरैलाई नीति चयनको द्विविधामा पारेको छ ।

नेपालको पुँजी बजार कोभिडकालीन अवस्थामा फर्किन सकेको छैन । डिम्याट खाता खोल्नेहरूको संख्या झन्डै ५७ लाख पुगेको तथ्यलाई दृष्टिगत गर्दा लगानीकर्ताको सेयर बजारप्रति बढ्दो आकर्षणलाई राज्यले पुँजी निर्माणमा सदुपयोग गर्नुपर्ने देखिन्छ ।

यति ठूलो संख्यामा रहेका सेयर लगानीकर्ताको हितविपरीत जाने स्थिति पनि छैन, सबैले सहानुभूति देखाएका छन् । तर अर्थतन्त्रले पुँजी बजारबाट अपेक्षित लाभ लिन सकेको देखिँदैन । पुँजी बजारका दुवै अंग प्राथमिक र दोस्रो बजारलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने माध्यम प्राथमिक पुँजी बजार हो । प्राथमिक पुँजी बजारमा धेरैभन्दा धेरै सेयर निष्कासन गरेर मुलुकमा पुँजी निर्माण, उत्पादन वृद्धि, उद्यमशीलताको विकास र रोजगारीका अवसर हरू सृजना गर्न मौद्रिक नीति लगायत समष्टिगत आर्थिक नीतिहरूको पहलकदमीको सार्थकता र हन्छ । प्राथमिक पुँजी बजारबाट वार्षिक २०० अब रुपैयाँभन्दा बढी परिचालन गर्न सकियो भने बल्ल पुँजी बजारको सार्थकता रहने र मुद्रा बजारमा ब्याजदरमा हुने उतारचढावबाट निजी क्षेत्र बच्न सक्ने स्थिति आउँछ ।

**शिथिलताका कारण र उपाय**

नेपाली अर्थतन्त्र यो अवस्थामा आइपुग्नुका थुप्रै कारणमध्ये प्रमुख हो– निजी क्षेत्रको विकासका लागि अवलम्बन गर्नुपर्ने संरचनागत सुधार नहुनु । निजी क्षेत्रको लगानीका लागि बाधक बनेका ऐनकानुनहरूमा सुधार गरिएन । लगानी सम्मेलनहरू त भए तर स्वदेशी-विदेशी लगानीमा रहेका नीतिगत नियमनकारी एवं प्रक्रियागत अवरोधहरू हटाइएनन् । विषम परिस्थितिलाई अवसरका रूपमा लिएर यस्ता अवरोधहरू हटाउनुपर्दछ । विदेशी लगानी, प्रविधि तथा बजारबिना नेपालको निजी क्षेत्रको विकास नहुने यथार्थलाई आत्मसात् गरी नीतिगत सुधारका लागि सबैले हातेमालो गर्न जरुरी छ । बंगलादेशलाई हेरे पुग्छ । तयारी पोसाक, फर्मास्युटिकल र सूचना तथा प्रविधिजस्ता निर्यातजन्य क्षेत्रहरूमा बाह्य लगानी तथा प्रविधि भित्र्याएर निजी क्षेत्रको विकासमार्फत बंगलादेश प्रतिव्यक्ति आयमा भारत र पाकिस्तानलाई जित्न सफल भएको हो ।

संरचनागत सुधारका अतिरिक्त सरकारी क्षेत्रबाट अपेक्षित रूपमा पुँजी निर्माण हुन सकेको छैन । तीन तहका सरकार छन्, तर पुँजीगत खर्चले तीव्रता लिन सकेको छैन । तीनै तहका सरकारको एकीकृत बजेट बचतमा छ । स्थानीय तहको खर्च हुन नसकेको र राष्ट्र बैंकमा रहेको नगद मौज्दात वाणिज्य बैंकहरूलाई बिनाब्याज ऋण लगानी गर्ने सुविधा सात वर्षयता उपलब्ध हुँदै आएको छ । यो सुविधा अन्तर्गत बैंकहरूले प्रयोग गर्दै आएको ७० अर्बदेखि १०० अर्बसम्मको स्रोत उपयोगको प्रयोजनप्रति संवेदनशील हुन आवश्यक छ ।

डेढ दशकयता खास गरी वित्तीय क्षेत्रका नीतिनिर्माताहरूको ध्यान बैंक तथा वित्तीय संस्थाहरूको सख्या घटाउनेमा रह्यो । पछिल्लो समय मेगा मर्जरले प्रश्रय पाउदा वाणिज्य बैंकहरूको संख्या ३२ बाट २० मा झर्‍यो । कुनै समय विकास बैंकहरूको संख्या ८८ रहेकामा हाल १७ मा झरेको छ । वित्त कम्पनीको संख्या पनि ७९ बाट १७ मै आइपुगेको छ । यस्तो मर्जरबाट उद्यमशीलता तथा निजी क्षेत्रको विकासमा कति मद्दत मिल्यो, समीक्षा हुन जरुरी छ ।

यो परिमाणको मर्जरले ब्याजदर तथा तरलता उतारचढावको समस्यालाई सम्बोधन गर्नुपर्ने हो । मर्जरपश्चात् वित्तीय स्रोत परिचालनमा हुन गएको अधिकेन्द्रीकरणलाई वित्तीय स्रोतको कुशल बाँडफाँट, वित्तीय पहुँचको सदुपयोग तथा पुँजी बजारको विकासमा केन्द्रित गर्नुपर्ने आवश्यकता छ । बैंक तथा वित्तीय संस्थाहरूको मर्जरपछि कतिपय निजी क्षेत्रका बैंकहरूमा जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ । धेरैले जागिर गुमाउनुपरेको र कतिपय बैंकमा कार्यालय समय अगाडि र पछाडि पनि लामो समयसम्म खटिनुपर्ने अवस्थाका कारण हिजो आकर्षणको केन्द्र रहेका बैंकहरूप्रति विकर्षण बढेकाले समेत युवाहरूको विदेश पलायन बढेको हो । बदलिँदो परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरूलाई व्यावसायिक ढंगले व्यवस्थापन गर्नुपर्ने चुनौती छ ।

पछिल्लो समय लघुवित्त र बचत तथा ऋण सहकारीहरूमा समस्या देखिन थालेको छ । अर्थतन्त्र चलायमान गराउनमा यी संस्थाहरूको हिजो महत्त्वपूर्ण भूमिका थियो । समस्या देखिनासाथ यी संस्थाहरूसँग जोडिएका लाखौं मानिस तथा घरपरिवारले वित्तीय पहुँच गुमाएका कारण पनि अर्थतन्त्रमा मन्दी देखिएको हो । यी संस्थाहरूको नियमनका लागि दोस्रो तहको छुट्टै नियमनकारी निकाय स्थापनाबारे बजेटमा उल्लेख भए अनुसार संस्था खडा नगरिएकाले पनि मुलुकमा उद्यमशीलताको वातावरण बन्न सकेको छैन ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थहरूको गतिविधि बिस्तारै सुक्दै गएका कारण पनि अर्थतन्त्र चलायमान हुन नसकेको हो । रुस-युक्रेन युद्धको प्रभावस्वरूप गैरसरकारी संस्थाहरूको गतिविधि नेपालमा घट्दै गएको छ । यस पृष्ठभूमिमा अर्थतन्त्र चलायमानका लागि दातृ निकायको सहयोग परिचालन गर्न नेपालले थप प्रयास गर्नुपर्ने देखिन्छ ।

कतिपय मुलुकले अप्ठेरो स्थितिमा आर्थिक सुधार अगाडि बढाई प्रगति गरेका थुप्रै उदाहरण छन् । अप्ठेरो स्थितिलाई आर्थिक सुधारको अवसरका रूपमा नेपालले लिनुपर्ने हुन्छ । अहिलेको आवश्यकता नीतिगत 'चेरी पिकिङ' होइन कि समग्र नीतिगत सुधार हो । कोभिड महामारीमा कृषिमा आत्मनिर्भरतालाई प्रमुखता दिइएको थियो । यो वर्ष खडेरीका कारण कतिपय ठाउँमा धान रोपाइँ हुन सकेन । तराई-मधेशमा धानको बीउ उमार्न र रोपाइँका लागि अल्पकालीन बोरिङ सिँचाइको व्यवस्था गर्न सकिएको भए यस्तो कमी आउने थिएन । अर्थतन्त्रलाई चलायमान गर्न कित्ताकाट खुला गरिएको छ । आशा गरौं, यसले काम गर्नेछह कृषिमा आत्मनिर्भरताको उद्देश्यप्राप्तिमा सहयोग गर्नेछ ।

कित्ताकाट खुलेपछि सुधारको दोस्रो एजेन्डाका रूपमा सेयर धितो कर्जाको १२ करोड सीमा पुनरवलोकनलाई लिइएको छ । ५७ लाख लगानीकर्ता जोडिएको यो मुद्दाको सम्बोधनपछि आम मानिसमा रहेको चरम निराशा चिरिने आशा गर्न सकिन्छ ।

कृषिले जस्तै उद्योग क्षेत्रले पनि पछिल्लो समय राम्रो प्रगति गर्न सकेको छैन । औद्योगिकभन्दा बढी व्यापारिक प्रयोजनका लागि बैंक कर्जा प्रयोग भइरहेकाले पनि औद्योगिक क्षेत्र फस्टाउन नसकेको हो । २०४४ सालपछि नयाँ औद्योगिक क्षेत्र सञ्चालनमा आएको छैन । नेपाल सरकारले केही ठूला आकारका औद्योगिक पार्कको घोषणा त गरेको छ तर तिनको विकास गरिएको छैन । सञ्चालनमा रहेका १० औद्योगिक क्षेत्रमध्ये ८ वटा मित्रराष्ट्रको वित्तीय सहयोगमा बनेका हुन् ।

तीमध्ये २ वटा मात्र नेपाल आफैंले स्थापना गरेको अनुभवलाई आधार मान्दा घोषणा गरिएका ७ वटा ठूला औद्योगिक क्षेत्र विकासका लागि निजी क्षेत्रले पहलकदमी लिनुपर्छ । औद्योगिक क्षेत्रहरूमा घरेलु, लघु, साना तथ मझौला र ठूला वैदेशिक एवं बहुराष्ट्रिय लगानीमा स्थापित उद्योगहरू छन् । नेपालमा हाल लघु, साना तथा मझौला उद्योग-व्यवसायहरूको जगेर्ना भएको छ भने यिनै औद्योगिक क्षेत्रहरूमा भएको छ । विराटनगर, वीरगन्ज र भैरहवा औद्योगिक करिडोरमा पनि साना, मझौला तथा ठूला उद्योगहरू सञ्चालनमा छन् । औद्योगिक क्षेत्र तथा करिडोरमा सञ्चालित उद्योग-व्यवसायलाई केन्द्रविन्दुमा राखेर नीतिगत सुधारको प्याकेज ल्याउने हो भने मुलुकमा उत्पादन तथा रोजगारीका अवसरहरूको विस्तारमा सहयोग मिल्ने देखिन्छ ।

सानोतिनो प्रयासले मात्र अर्थतन्त्र चलायमान हुने देखिँदैन । मौद्रिक नीति रामवाण भइदिएको भए हुन्थ्यो, तर यसका आफ्नै सीमा छन् । सरकारी वित्त नीतिको चर्चासमेत हुँदैन । परिणाम निकाल्न यी दुवै नीति कमान्डका साथ सञ्चालन हुनुपर्छ । पछिल्लो समय मौद्रिक नीति धेरै गिजोलिएको छ । कर्मचारीतन्त्र लाचार नभई बलियो बनाइएको भए सरकारी वित्त नीतिले पनि काम गर्थ्यो ।

कतिपयले नीतिगत 'चेरी पिकिङ' को वकालत गरेको देखिन्छ । वित्तीय स्रोतको अधिकेन्द्रीकरण भएको अवस्थामा नीतिगत 'चेरी पिकिङ' ले क्षणिक लाभ त देला तर समस्याको दीर्घकालीन समाधान गर्दैन । साथै नीतिगत 'चेरी पिकिङ' ले गर्दा वित्तीय पहुँचको थप दुरुपयोग हुने जोखिम रहन्छ ।

अहिले समस्या ऋण गार्हस्थ्यको पनि हो । एकातिर ऋण गार्हस्थ्य, अर्कातर्फ आर्थिक मन्दीको अवस्थाले बृहत्तर नीतिगत सुधार प्याकेजको माग गर्दछ । अहिले वित्तीय क्षेत्र संवेदनशील अवस्थामा पुगेको छ । जग्गाको मूल्यवृद्धिले आकाश छोएको छ, ७६ प्रतिशत बैंक कर्जा घरजग्गाको धितोमा बन्धक छ । कतिपयले यसलाई गर्वका साथ लिएका त छन् तर यो वित्तीय क्षेत्रको जोखिमपूर्ण अवस्थाको द्योतक हो । आर्थिक गतिरोधको अन्त्य एकल उपायका रूपमा मौद्रिक प्रोत्साहनले मात्र हुन्छ वा बहुउपायबाट हुन्छ, विचार पुर्‍याउनुपर्ने देखिन्छ । अर्थतन्त्रको संरचनागत सुधारका लागि अब अरू ढिलो गर्नु हुँदैन ।

*(साभार: ई-कान्तिपुर)*

# जल्दोबल्दो विषय जलवायु परिवर्तन

आकृति डोटेल

लामो अवधिमा पृथ्वीको पृथ्वीको तापक्रम, वायुको वेग, वर्षाको मात्रा आदि बदलिने प्राकृतिक प्रक्रियालाई जलवायु परिवर्तन भनिन्छ । जलवायुमा सधैँ प्राकृतिक फेरबदल भइरहने नै हुन्छ तर अहिलेको तीव्र जलवायु परिवर्तनमा भने मानव क्रियाकलापको ठूलो हात छ । पृथ्वीमा मानवीय तथा प्राकृतिक क्रियाकलापका कारण हरित गृह ग्यासको उत्सर्जन बढ्दै गएपछि वायुमण्डलको हरित गृह ग्यासको तहले सूर्यका विकिरण पृथ्वीमा सजिलो छिर्न दिने तर फिर्ता भएर नजाने मात्रा बढेसँगै पृथ्वीको तापक्रम बढ्छ । जलवायु परिवर्तन गम्भीर विश्वव्यापी समस्या हो ।

सन् १९७९ मा स्विजरल्यान्डको जेनेभामा आयोजित पहिलो विश्व जलवायु सम्मेलनले दोस्रो विश्वयुद्धपछि विश्वमा तीव्ररूपमा बढेको हरित गृह ग्यासको उत्सर्जनसँगै विश्वभर उष्णता बढ्दै गएको देखिन्छ । परिणाम जलवायु परिवर्तनका रूपमा देखा पर्‍यो । बढ्दो औद्योगीकरण, अनवीकरणीय ऊर्जाको रूपमा रहेको खनिज इन्धनको ब्यापक प्रयोग, आणविक विस्फोट, परम्परागत ऊर्जाको बढ्दो प्रयोगका कारण कार्बनडाइ अक्साइड ग्यासको उत्सर्जन बढ्नु, रासायनिक मल तथा कीटनाशक विषादीको व्यापक प्रयोगका साथै तीव्र सहरीकरणसँगै जलवायु परिवर्तनका असरहरू पनि बढ्दै गएको पाइन्छ ।

सन् १९९२ मा ब्राजिलमा भएको रियो सम्मेलनले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिले विश्वव्यापीरूपमा जलवायु परिवर्तनको विषयलाई विश्वव्यापी बनाइदियो । जलवायु परिवर्तन, जलवायु न्याय आज अति महत्त्वपूर्ण विषय भएको छ । तर, के हाम्रो जीवन शैली, कार्यस्थल, जीविकोपार्जन, घर वातावरणमैत्री छन् ? बिल्कुलै छैनन् ।

जलवायु परिवर्तनले हाम्रो दैनिक क्रियाकलापका साथै देशको समाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनामा नकारात्मक असर पुर्‍याएको हुन्छ । विश्वव्यापी असरहरूजस्तै विश्वव्यापी उष्णता बढ्दै गएको, वर्षा चक्र तथा ऋतुकालमा असामयिक परिवर्तन, समुद्री सतह तातेको, तीव्र गतिमा हिउँ पग्लँदा हिम नदी सुक्दै जानु, सय मिलिमिटरभन्दा बढी वर्षा हुने दिनको संख्या बढ्दै जानुका साथै हिमतालको विस्फोटको खतरा बढ्दै गएको, हिमालहरू पग्लदै जककादा पृथ्वीको सौन्दर्यमा ह्रर्स आएको छ । दिनहरू अत्यन्त ताता र रातहरू अत्यन्तै चिसा हककुदैगएका छन् । नयाँ नयाँ तथा महामारी रोगहरू देखापर्नु जस्ता समस्या छन् । यसको प्रभाव विशेषत: गरिब, विकासोन्मुख, भूपरिवेष्ठित, हिमाली तथा तटीय मुलुकमा बढी देखापर्छ ।

नेपाल विकासको बाटोमा अघि बढिरहेको विकासोन्मुख राष्ट्र हो । हिमाल, पहाड र तराई मिलेर बनेको यस राष्ट्रमा हिमाली भेगमा हिमताल विस्फोट हुने, पहाडी भेगमा बाढीपहिरोको जोखिम तथा तराई क्षेत्र डुबानको खतरा देख्न सकिन्छ । यहाँ ८० प्रतिशत भन्दा धेरै मानिसहरू कृषिमा निर्भर छन् भने नेपालको कृषि मनसुनमा निर्भर छ । हामीले देख्न सकिन्छ मनसुन सुरु हुनुभन्दा पहिले र पछि अत्यधिक पानी पर्ने र मनसुनको समयमा पानी निकै कम पर्ने गर्दा किसानहरूलाई समस्या परेको छ । उदाहरण हामीले देख्न सकिन्छ । तराईमा गएको वर्ष धान बाली भित्र्याउने बेला असोजमा ठूलो वर्षाको कारण भित्र्याउन तयार भएको धान बाली सबै डुबानमा परेको थियो । त्यसले किसानले ज्यादै ठूलो क्षति भोग्नुपरेको थियो । मानिसको जीवनयापनमा अत्यधिक समस्या त निम्त्याएको छ नै कृषि तथा खाद्यान्न उत्पादनमा कमी हुदा खाद्य संकट बढिरहेको छ । तापक्रममा उतार चढाव आउँदा जाडोको मौसममा अत्याधिक चिसो हुने र गर्मी हुने समयमा अत्यधिक गर्मीले स्वास्थ्यलगायत शिक्षा प्रणालीमा पनि असर परेको देख्न सकिन्छ । केही वर्षअघिको र अहिलेको काठमाडौंलाई हेर्न सकिन्छ। पहिले अहिलेको गर्मी समयमा हुने अत्यधिक गर्मी हुँदैन थियो तर अहिले एक छिनबाहिर पनि बस्न सकिँदैन । यो अवस्था हाम्रो क्रियाकलापको फल हो ।

बढ्दो तापक्रमले हिमाली क्षेत्रमा मलेरिया, डेंगुलगायतका रोगको जोखिम बढेको छ । जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपहरूमा तीव्रता आएको छ । हालै कागबेनीमा गएको बाढीको कारण बहुमूल्य मानवजीवनको क्षति साथै ठूलो धनजन र भौतिक निर्माणको पनि क्षति मानिसहरूले भोग्नु परेको छ । जैविक विविधतामा ह्रास आएको छ । जलस्रोत, वनजंगल, पूर्वाधार, पर्यटन आदि क्षेत्रमा पनि निकै असर परेको छ ।

जलवायु परिवर्तले प्राय: सबै मानिसहरूलाई असर पारिरहेको हुन्छ । त्यसमा पनि लैंगिकरूपमा पनि जलवायु परिवर्तनको प्रभाव फरक परिरहेको छ । महिला सीमान्तकृत, आदिवासी तथा अपाङ्गता भएकाहरूलाई अझ बढी प्रभाव परिरहेको छ ।

*बाँकी पृष्ठ-३...*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २४ गते बुधवार १२ अक्टोबर २०२३ । द्वादशी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ६:०२, सूर्यास्त ५:३८ । गैर-आवासीय नेपाली दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलोको समय रहेको छ | **तुला** | : भेटघाटमा समय बित्नेछ |
| **वृष** | : शरीरमा समस्या देखिन सक्नेछ | **वृश्चिक** | : सम्पत्तिको खचपच हुनेछ |
| **मिथुन** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **धनु** | : सुखभोगको समय रहेकोछ |
| **कर्कट** | : सानातिना अवरोध आइरहनेछ | **मकर** | : आर्थिक लाभ मिल्नेछ |
| **सिंह** | : मित्रसंग विवाद हुन सक्नेछ | **कुम्भ** | : विवाद हुन सक्ने |
| **कन्या** | : धन खर्च हुनेछ | **मीन** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |

हमास-इजरायल युद्ध :

# अर्थतन्त्रमा युक्रेन युद्धभन्दा ठूलो असरको जोखिम



काठमाडौं/६३ वर्षअघि नेपालसँग दौत्य सम्बन्ध कायम भएको मुलुक इजरायल यतिबेला भीषण युद्धको चपेटामा छ । करिब तीन हजार माइल टाढा रहेको इजरायलमाथि प्यालेस्टाइनी हमास विद्रोहीले शनिबार बिहानैदेखि गरेको अप्रत्याशित आक्रमणमा १० जना नेपाली विद्यार्थीको दु:खद् निधन भएको छ । बेपत्ता र घाइते नेपालको यकीन संख्या अझै प्राप्त हुन सकेको छैन ।

तीन दिनदेखि जारी भीषण युद्धमा इजरायल, प्यालेस्टाइन र विदेशीहरूसमेत गरी कम्तीमा ११ सयको मृत्यु भइसकेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

युद्धको त्रासदीमा रहेका झण्डै ५ हजार नेपाली नागरिकको उद्धारमा नेपाल सरकार जुटेकमो छ । तर, युद्धका कारण निम्तनसक्ने आर्थिक संकटबाट पनि मुलुक टाढा नरहेको विज्ञहरू बताउँछन् ।

शनिबार बिहान इजरायलमा सुरु भएको हमला यताको ४८ घण्टामा विश्व अर्थतन्त्रमा यसका असरहरू देखिन थालिसकेका छन् ।

**बढ्न थाल्यो इन्धनको मूल्य**

इजरायल आक्रमणलगत्तै विश्व अर्थतन्त्रमा यसको असरमा देखिन सुरु भइसकेको छ । पछिल्लो ४८ घण्टामा कच्चा तेल, प्राकृतिक ग्याँस, सुनको मूल्य उकालो लागेको छ । अमेरिकी डब्लुटीआई कच्चा तेलको मूल्य प्रतिब्यारेल ५ डलरले बढेको छ ।

५ अक्टोबरमा ८२.९९ डलरमा कारोबार भइरहेको उक्त कच्चा तेलको मूल्य सोमबार ८७.१५ डलर प्रतिब्यरेल पुगेको छ । तीब्र उतारचढाब बीच कच्चा तेलको कारोबार यो समाचार तयार पार्दा ८५.१८ डलर प्रति ब्यारेलमा भइरहेको छ ।

नेपालले भारतबाट तेल आयात गर्छ, भारतले ब्रेण्ट क्रुड आयात गरी प्रशोधन गर्ने गरेको छ । यो कच्चा तेलको मूल्य पनि युद्धसँगै उकालो लागेको छ । शनिबार डलर ८४.६४ प्रति ब्यारेलमा कारोबार भइरहेको ब्रेण्ट कच्चा तेलको मूल्य आइतबार ८८.६६ डलर पुगेको थियो । सोमबार यसमा केही सुधार भएर ८६.५२ डलर प्रति ब्यारेलमा कारोबार भइरहेको छ ।

प्राकृतिक ग्याँसको मूल्य झण्डै २ प्रतिशतले बढेको छ भने सुनको मूल्य प्रतिऔंसमा २२ डलरले वृद्धि भएको छ । ७ अक्टोबारमा प्रतिऔंश १८२९ डलरमा कारोबार भइरहेको सुनको मूल्य युद्ध लगत्तै १८५१ डलर प्रतिऔंश पुगेको थियो । सोमबार यो समाचार तयार पार्दासम्म बढेको मूल्यमा २ डलरको गिरावट देखिएको छ ।

सुनको मूल्य बढे लगत्तै त्यसको असर नेपालको बजारमा परि सकेको छ । सोमबार सुनको मूल्य तोलामा एक हजार रुपैयाँले बढेको छ । कच्चा तामाको मूल्य प्रतिपाउण्ड ३.६२ डलर रहेकामा प्रतिपाउण्ड ३.६७ पुगेर केही ओरालो लाग्ने क्रममा छ ।

**नेपालमा असर**

शनिबारको हमलापछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेपछि नेपाल आयल निगमले चिन्ता व्यक्त गरेको छ । रुस-युक्रेन युद्धका कारण थलिएर केही सुधार हुँदै गरेको इन्धनको मूल्यलाई हमास-इजरायल युद्धले थप समस्यामा पार्ने देखिएको निगमका प्रवक्ता मनोज ठाकुर बताउँछन् । शनिबारयता नै प्रतिब्यारेलमा झण्डै साढे ४ डलरले मूल्य बढेको छ । 'यो मूल्य कहाँ पुग्छ भन्ने कुनै यकिन छैन,' प्रवक्ता ठाकुर भन्छन्, 'अहिले १५ दिनमा करोड २१ करोड नोक्सानीमा छौं । यो नोक्सानी बढ्न सक्छ । निगमको नोक्सानी बढ्दै जानु भनेको कालान्तरमा उपभोक्ता र अर्थतन्त्रमै समस्या पर्ने हो ।'

रुस-युक्रेन युद्धका कारण महँगिएको इन्धनको मूल्यले निगम ५६ अर्ब नोक्सानी व्यहोरेको र उपभोक्ताको दैनिकी झेलिनसक्नु महँगो भएको डेढ वर्ष नबित्दै पुन: अर्को संकटको संकेत देखिएको ठाकुर बताउँछन् । यसका लागि हालसम्म सरकारबाट औपचारिक छलफल नभएकोमा उनले चिन्ता व्यक्त गरे ।

व्यापार तथा निकासी प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक शरद राणा इजरायलमा जारी युद्धको प्रत्यक्ष असर नेपालले भोग्ने बताउँछन् । इजरायलसँग नेपालको वस्तुको मात्रै नभई सेवाको ठूलो कारोबार रहेको उनको भनाइ छ ।

नेपालका ५ हजार जनशक्ति इजरायलमा श्रम गर्ने र नेपालको पर्यटनमा इजरायलको योगदान रहेको उनको भनाइ छ ।

'पहिलो नेपाली श्रमिकको श्रम खोसिने भयो । यसले रेमिट्यान्समा प्रत्यक्ष असर गर्छ । दोस्रो नेपाल आउने इजरायली पर्यटकमा गिरावट आउँछ,' राणा भन्छन्, 'वस्तुको व्यापार त एक प्रतिशत हाराहारी होला तर त्यो भन्दा ठूलो असर सेवाको व्यापारमा देखिन्छ ।' नेपालीहरू इजरायलबाट फर्किए भने भइरहेको वस्तुको सानो आकारको व्यापारमा पनि असर पर्नेछ ।

व्यापार तथा निकासी प्रवर्धन केन्द्रका अनुसार आर्थिक वर्ष २०७७/७८ मा एक अर्ब ५० करोड, २०७८/७९ मा एक अर्ब ४२ करोड बराबरको वस्तु आयात गरेको थियो । ती वर्षमा नेपालले क्रमश: ३१ करोड २६ लाख र २२ करोड ७ लाखको वस्तु इजरायल निर्यात गरेको थियो ।

अर्थशास्त्री रेशम थापा इजरायलको द्वन्द्व लम्बिए नेपालले रुस र युक्रेनका कारण भोगेको भन्दा पनि ठूलो क्षति व्यहोर्ने बताउँछन् । युक्रेन-रुस युद्धमा तेल, वस्तु व्यापार मा मात्रै असर परेकामा यो युद्धले नेपालको श्रम बजार, प्रमुख आर्थिक स्रोत रेमिट्यान्स र पर्यटनमै असर पर्ने उनको आकलन छ ।

'इजरायलको युद्धले मध्यपूर्व र खाडी नै प्रभावित हुने र यसले नेपालको सबै भन्दा ठूलो श्रम बजारमा असर गर्नेछ । यसले रेमिट्यान्समा धक्का दिनेछ,' थापा भन्छन्, 'प्रमुखत: इजरायलीसँगै नेपाली पर्यटन गन्तव्यको प्रमुख ट्रान्जिट मुलुकहरूमा अशान्ति आउने र त्यसले नेपालमा असर बढ्नेछ ।'

सन् २०२२ मा इजरायलबाट ६ हजार ३ सय २६ जना पर्यटक नेपाल आएका थिए । यो सन् २०२३ को सेप्टेम्बरसम्म ५ हजार ३४९ जना इजरायली पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

**तर, बेफिक्री सरकार**

बितेको दुई वर्षमा अर्थतन्त्रमा देखिएको संकटलाई सरकारले युक्रेन-रुस युद्धका कारण भन्दै आफ्नो जिम्मेवारीबाट पन्छिइरह्यो । महँगी, शोधनान्तर घाटा, उच्च ब्याजदरले अर्थतन्त्र शिथिल हुँदा सरकारले आफूले भने न असर कम गर्ने प्रयास गर्‍यो न त समस्याको निराकरणमा उपाय नै । झण्डै दुई वर्षपछि पुन: मध्यपूर्वमा उस्तै तर नेपाललाई प्रत्यक्ष असर पर्ने संकट देखिंदा सरकार पुन: बेफिक्री देखिएको अर्थशास्त्री रेशम थापा बताउँछन् । 'युक्रेन-रुस युद्धका कारण पर्ने असर अप्रत्यक्ष थियो तर अहिले इजरायलमा भएको युद्ध लम्बियो भने हामीले प्रत्यक्ष र गएको भन्दा पनि ठूलो असर भोग्नु पर्छ,' अर्थशास्त्री थापा भन्छन्, 'तर, यसबारे सरकारका निकायले चासो दिएको देखिन्न । अर्थमन्त्री यस्तै बेला विदेश भ्रमणमा निस्कनुभएको छ ।'

इजरायल युद्धमा १० नागरिकको ज्यान गएको र ५ हजार हाराहारी सोही मुलुकमा रहेका कारण सरकार तत्कालका लागि जीवन रक्षा, उद्धार र राहतमा केन्द्रित छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय, परराष्ट्र मन्त्रालय र इजरायलस्थित नेपाली दूतावास यसैमा व्यस्त देखिनु स्वभाविक पनि हो । तर, अर्थतन्त्र र यसका बाछिटाबारे आन्तरिक तयारी गर्नुपर्ने अर्थ र वाणिज्य मन्त्रालय युद्धका कारण अर्थतन्त्रमा पर्नसक्ने प्रभावबारे चिन्तामा छैनन् ।

अर्थमन्त्री डा. प्रकाशशरण महत मन्त्रालयका सचिव तथा महत्वपूर्ण विभागका अधिकारीहरू लिएर सोमबार मात्रै विदेश भ्रमणमा निस्किएका छन् ।

वाणिज्य मन्त्रालय त झन वाणिज्य सचिवविहीन अवस्थामा छ । इजरायल युद्ध र यसको अर्थतन्त्रमा पर्ने बाछिटाबारे कुरा गर्न सोमबार दिनभर प्रयास गर्दा पनि वाणिज्य मन्त्रालयका अधिकारीहरू उपलब्ध भएनन् । वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल र मन्त्रालयका प्रवक्ता गजेन्द्र ठाकुर दुवै जनासँग पटकपटक प्रयास गर्दा पनि उनीहरू सम्पर्कमा आएनन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'परदेशी २'को कथा कहिल्यै पुरानो हुँदैन : निर्देशक रायमाझी




काठमाडौं/यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'परदेशी २' कोरोना महामारीभन्दा अगाडि नै निर्माण भएको थियो । कथा लेखन त्योभन्दा झण्डै एक वर्ष अगाडि । तर, कोभिडको समयमा विभिन्न माध्यमबाट विश्वभरका फिल्म तथा सिरिज हेरेर दर्शकको स्वाद निकै फेरिएको छ । यो अवस्थामा 'परदेशी २'ले दर्शकको भावना र रुचिलाई कति सम्बोधन गर्न सक्छ भन्ने चासो धेरैमा छ ।

निर्देशक नारायण रायमाझी भने फिल्ममा कहिल्यै पुरानो नहुने वैदेशिक रोजगारीको कथा रहेकाले दर्शकहरुको भावनालाई जोड्न सक्नेमा विश्वस्त छन् । आफूले संगीत क्षेत्रमा करिअर सुरु गर्दादेखि परदेशीको कथा नफेरिएको उनको बुझाई छ । मात्र समयसँगै त्यसको रुप फेरिँदै गएको उनले अनुभव गरेका छन् । यसैले फिल्म हेर्दा दर्शकले अपनत्व महसुस गर्नेमा उनी विश्वस्त देखिन्छन् ।

उनी भन्छन्, 'परदेशीको कथा कहिल्यै पुरानो नहुने रैछ । मैले संगीत क्षेत्रमा करिअर सुरु गर्दा पनि परदेशीका कथाहरु त्यस्तै थिए । अहिले पनि त्यस्तै छ । मात्र त्यसको रुप फेरिएको छ । कुनै बेला नेपालीहरु इन्डिया र बेलायतमा फौजीमा जान्थे । उनीहरुलाई लाहुरे भन्ने गरिन्थ्यो । त्यसपछि खाडी मुलुकमा रोजगारीका लागि जानेहरु बढे । अहिले उच्च शिक्षाका लागि जानेहरुको लर्को छ ।'

जुनबेला 'परदेशी २'को कथा लेख्न थालिएको थियो, त्यो अहिले झन् सान्दर्भिक हुँदै गइरहेको उनलाई लाग्छ । यसैले फिल्मको कथा पुरानो नभएको र कहिल्यै पुरानो नहुने निर्देशक रायमाझीको दाबी छ । उनी 'गोर्खा पल्टन' र 'परदेशी'पछि आफूप्रति दर्शकहरुको ठूलो अपेक्षा रहेको र यसपटक पनि निराश नबनाउने बताउँछन् । 'परदेशी २'बाट उनलाई हिटमा ह्याट्रिक गर्ने अवसर समेत छ ।

# धम्कीपछि शाहरुख खानलाई 'वाइ प्लस' श्रेणीको सुरक्षा



एजेन्सी, मुम्बई/यस वर्ष सुपरस्टार शाहरुख खानको दुई फिल्म 'पठान' र 'जवान'ले भारतीय बक्स अफिसमा ठूलो रेकर्ड बनायो । यी दुई फिल्मले बलिउडसँगै उनको करिअरलाई पनि पुर्नजीवन दिएको छ । तर, यही दुईवटा फिल्मको सफलताबाट असन्तुष्ट बनेका व्यक्तिहरुले शाहरुखलाई 'पठान'को बेलादेखि लगातार ज्यान मार्ने धम्की दिइरहेका छन् । अब महाराष्ट्र सरकारले उनको सुरक्षा बढाएको छ ।

शाहरुखलाई सरकारले 'वाइ प्लस' श्रेणीको सुरक्षा प्रदान गरेको छ । यसअघि दुईजना पुलिस उनको सुरक्षामा खटिरहेका थिए । र, उनको आफ्नै व्यक्तिगत बडीगार्डले पनि सुरक्षा दिँदै आइरहेका थिए । ज्यान मार्ने धम्कीपछि अब उनी ६ जना कमाण्डोको सुरक्षा घेराभित्र हुनेछन् । र, उनको घरमा ४ जना पुलिसले २४औं घन्टा सुरक्षा दिने व्यवस्था महाराष्ट्र सरकारले मिलाएको जनाइएको छ ।

शाहरुख जब यात्रामा निस्कनेछन् तब सुरक्षामा कमाण्डोका साथै 'ट्राफिक भेहिकल' पनि रहनेछ, जसले ट्राफिक जाम हटाउनेछ । सुरक्षाको खर्च भने उनी आफैंले बेहोर्ने भारतीय मिडियाले उल्लेख गरेका छन् । सुरक्षाको जोखिम कम भएपछि महाराष्ट्र सरकारले कमाण्डो र प्रहरी फिर्ता बोलाउनेछ । धम्कीकै कारण अहिले सुपरस्टार सलमान खान पनि 'वाइ प्लस' श्रेणीको सुरक्षा घेरामा छन् ।

# जल्दोबल्दो विषय...

करिब ०.०२५ प्रतिशत मात्र उत्सर्जन गरेको छ । नेपालले कार्बन उत्पादन घटाउने र सन् २०५० सम्ममा शून्य कार्बन न्यूनीकरण गर्ने संकल्प गरेको छ । साथै नेपालले ४० प्रतिशत वनजंगल जोगाउन प्रतिबद्धतासमेत जनाएको छ । तर, दुई ठूला प्रदूषक राष्ट्रहरू भारत र चीनको बीचमा रहेको हुनाले हरित गृह ग्यासको बढ्दो उत्सर्जनको असरबाट व्यापक प्रभाव पर्दा जलवायु परिवर्तनका कारण असुरक्षित मुलुकमध्ये नेपाल चौथो स्थानमा रहेको छ ।

जलवायु परिवर्तनको असर अझ भयानक हुनसक्छ । त्यसैले बेलैमा यसको न्यूनीकरण गर्न अति आवश्यक छ । अब स्वच्छ ऊर्जा तथा वैकल्पिक ऊर्जाको प्रयोगमा जोड दिने समय आएको छ । संकटापन्न र जोखिमपूर्ण व्यक्ति, परिवार, समूह र समूदायको जलवायु परिवर्तनअनुकूलन लक्ष्यमा अभिवृद्धि गर्नुपर्छ ।

साथै जलवायु परिवर्तनको प्रतिकूल प्रभावको जोखिममा रहेको पारिस्थितिकी प्रणालीहरूको उत्थानशीलतामा सुधार गर्दै हरित अर्थतन्त्रको प्रवर्धन गर्नुपर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको न्यायोचित परिचालन गर्नुपर्छ । सामाजिक तथा आर्थिक विकासका लागि प्राकृतिक स्रोतको व्यवस्थापनलाई जलवायुमैत्री बनाउनुपर्छ । कार्बन व्यापारका आधारहरू वनजंगल, गोबर ग्यास, सुधारिएको चुलो, पानी घट्ट, जलविद्युत्, सौर्य ऊर्जा, वायु ऊर्जा आदिको विकासमा जोड दिनुपर्छ ।

अझै न्यूनीकरण तथा कार्बन संचितीलाई अगाडि बढाउनुपर्छ । विकास र वातावरण बीच सन्तुलन कायम राख्दै जलवायु परिवर्तनका विषयहरू राष्ट्रिय प्राथमिकताको सूचीमा राख्नुपर्छ । जलवायु परिवर्तनको समस्या एउटा राष्ट्रको मात्र नभई विश्वकै हो । त्यसैले राष्ट्रिय अनुकूलन कार्यक्रमलाई विकासको एजेण्डाको रूपमा कार्यान्वयनमा ल्याउनपर्छ । सर्वपक्षीय सहभागितामार्फत् जनचेतना अभिवृद्धि तथा क्षमता विकास, वार्ता क्षमता अभिवृद्धि गर्नुपर्छ । हरित गृह ग्यासको मापनलगायत तथ्याङ्क तथा सूचना अध्यावधिक गर्दै पक्ष राष्ट्रहरूलाई जानकारी दिनुपर्छ । विश्वका साझा समस्याविरूद्ध लड्न स्थापना गरिएको विश्वव्यापी मञ्चहरूमा गरिएका प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

बढ्दो तापक्रमले हिमाली क्षेत्रमा मलेरिया, डेंगु लगायतका रोगको जोखिम बढेको छ । जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोपहरुमा तीव्रता आएको छ । हालै कागबेनीमा गएको बाढीको कारण बहुमूल्य मानवजीवनको क्षति साथै ठूलो धनजन र भौतिक निर्माणको पनि क्षति मानिसहरुले भोग्नु परेको छ ।

*(साभार: बाह्रखरी)*

# स्वास्थ्यमन्त्रीले हटाए महामारीमा काम गरेका वीरका २७६ कर्मचारी

काठमाडौं/स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना महामारीको समयमा काम गरेका वीर अस्पतालका २७६ जना कर्मचारीलाई एकैपटक हटाएको छ । स्वास्थ्यमन्त्रीको निर्देशनमा ठूलो संख्यामा कर्मचारी एकैपटक हटाउँदा अस्पतालमा शल्यक्रियादेखि आईसीयूसम्मका सेवा प्रभावित भएका छन् ।

कोरोना महामारीको समयमा वीर अस्पतालको सर्जिकल भवन सञ्चालनका लागि स्वास्थ्य मन्त्रालय मातहातमा ८३१ पुल दरबन्दी सृजना गरिएको थियो ।

पछिल्लो समय अस्पतालले मन्त्रालयको स्वीकृति लिएर करार लाई निरन्तरता दिएको थियो । बेड संख्या बढाउनुका साथै आकस्मिक, डायलाइसिस, अप्रेशन (ओटी) लगायतका सेवा बढाएकाले करारका दरबन्दीलाई निरन्तरता दिन अस्पतालले असारमा मन्त्रालयलाई आग्रह गरेको थियो । 'स्वास्थ्य मन्त्रालयबाट जवाफ सकारात्मक आएन,' अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले भने ।

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले बजेट दिन नसक्ने बताए पछि १५ असोजमा बसेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)को कार्यकारी परिषद्को बैठकले २७६ जना कर्मचारीको करार अवधि थप नगर्ने निर्णय गरेको छ ।

'अहिले देशको आर्थिक अवस्था राम्रो नभएको र स्वास्थ्य मन्त्रालयबाट थप बजेटको व्यवस्था गर्न नसकिने र करारमै राख्ने परे आफ्नै आन्तरिक स्रोतले राख्नू भन्ने निर्देशन भयो,' डा. पौडेलले भने, 'अस्पतालका सेवा नि:शुल्क भएका छन् । आफ्नै आम्दानी राख्न नसक्ने भएपछि बाध्यताबस उहाँहरुलाई हटाउनुपर्यो ।'

**स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत**

अस्पताल प्रशासनका अनुसार २७६ जना कर्मचारीको तलब भत्ताका लागि एक महिनामा एक करोड रुपैयाँ चाहिन्छ । मन्त्रालयबाट दरबन्दी स्वीकृत नहुँदा आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न सम्भब नभएकाले यो निर्णय लिएको पौडेलले बताए ।

कोरोना महामारीमा दिनरात काम गरेको आफूहरुलाई पूर्वसूचना समेत नदिई हटाएको कर्मचारीहरुको गुनासो छ । 'अस्ति शुक्रबार आजबाट ड्युटी नआउनू भन्ने सूचना निकाल्दिनु भयो । चाडबाडको बेलामा विना जानकारी एक्कासी निकाल्दा हामी अलपत्र भयौं,' नर्स एलिसा फुयाँलले भनिन्, 'कोरोना, डेंगु जस्ता महामारीमा परिवार छोडेर बिदा नलिई बिरामीको सेवा गर्यौं । अहिले अस्पताल प्रशासनले अमानवीय व्यवहार गर्यौं ।'

आफूहरु अन्यायमा परेको भन्दै उनीहरु स्वास्थ्य मन्त्रालय लगायतका निकाय धाइरहेका छन् । तर अहिलेसम्म कतैबाट सकारात्मक जवाफ पाएका छैनन् । करारका कर्मचारीलाई पूर्वसूचना नदिई निकाल्नुमा स्वास्थ्यमन्त्रीदेखि अस्पतालका पदाधिकारीको स्वार्थ रहेको मन्त्रालयकै अधिकारीहरु बताउँछन् । अहिले करारमा भएका जनशक्तिलाई हटाएर आफ्नो मान्छे भर्ति गर्न स्वास्थ्यमन्त्री लागेको उनीहरुको भनाइ छ । 'मैले राखेका जनशक्ति पनि होइन, अब मेरा मानिसलाई नियुक्त गर्नुपर्छ भन्ने निर्देशनका साथ अहिलेको जनशक्तिलाई तत्काल हटाइएको हो,' मन्त्रालयका एक अधिकारीले भने, 'अब आफ्नो मानिस करारमा भर्ना गर्न मन्त्रीदेखि अस्पताल प्रशासनको मिलेमतो छ ।'

**अस्पतालको सेवा प्रभावित**

स्वास्थ्यमन्त्री बस्नेत मञ्च पायो कि आफूले वीर अस्पतालमा ७०० बेड नि:शुल्क गरेको भन्न छुट्टाउँदैनन् । बिहान ८ बजेदेखि ओपिडी सेवा सुरु गर्नुका साथै नियमित शल्यक्रिया, आईसीयू सेवा बढाएको दाबी गर्दै आएका छन् ।

अस्पताल प्रशासनका अनुसार पछिल्लो समय ५०० बेडलाई ९०० पुर्याइएको थियो भने अप्रेसन थियटरलाई ८ बाट १५ वटा, आईसीयू ३० बाट ६५ बेड पुर्याइएको थियो । नि:शुल्क र विस्तारित सेवालाई निरन्तरता दिन कम्तिमा पनि अहिले भएका जनशक्तिलाई कायमै राख्नुपर्थ्यो । तर स्वास्थ्यमन्त्री बस्नेतले बजेट अभाव देखाएर करार अवधि नथप्न निर्देशन दिए ।

मन्त्रीको निर्देशनअनुसार कार्यकारी परिषद्ले २७६ जना कर्मचारी हटेपछि अप्रेशन थियटर देखि बढी चाप हुने युरोलोजी, न्यूरो लगायतका विभागका सेवा प्रभावित भएका छन् । अस्पताल प्रशासनका अनुसार २३ बेड आईसीयू घटाउनुपर्ने अवस्था आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'पशुपति प्रसाद २ : भष्मे डन' ट्रेलरमा विपिन र सौगातको टकराव



काठमाडौं/२०७२ सालमा प्रदर्शित फिल्म 'पशुपति प्रसाद' पशुपति प्रसाद (खगेन्द्र लामिछाने) र भष्मे डन (विपिन कार्की) पात्रबीचको टसलमा केन्द्रित थियो । यसको चरित्र केन्द्रित सिक्वेलमा भने भष्मे डनलाई चुनौती दिने पात्रको रुपमा अभिनेता सौगात मल्ल भित्रिएका छन् । सोमबार सार्वजनिक ट्रेलरमा पनि दुई पात्रबीच पशुपतिनाथ क्षेत्रभित्र टकराव देख्न सकिन्छ । सौगात मधेशी चरित्रमा प्रस्तुत छन् ।

सात वर्षपछि सुनले सुख ल्याउला कि दु:ख भन्ने प्रश्न गर्दै सार्वजनिक भएको ट्रेलरमा भष्मे डन पात्रले आफ्नो अस्तितव र पहिचानका लागि गरेको संघर्षलाई चित्रण गरिएको छ । उसले आफ्नो आमा-बुबाको बारेमा खोजी गरिरहेको पनि ट्रेलरमा देख्न सकिन्छ । दुर्गा माताको गेटअपमा देखिएकी अभिनेत्री स्वस्तिमा खड्काको पात्र र भष्मे डनबीचको सामिप्यताले ट्रेलरमा थप रोचकता थपेको छ ।

ट्रेलर रिलिज कार्यक्रममा निर्देशक दीपेन्द्र के. खनालले 'पशुपति प्रसाद'को बेग्लै खालको 'लिगेसी' रहेका कारण त्यसमा छेडखानी नगरेको दाबी गरेका छन् । उनी भन्छन्, 'बजारलाई मात्र हेरेर 'कमर्शलाइज' गर्नेतिर हामी गएकै छैनौं । हामीले 'पशुपति प्रसाद'को लिगेसी धान्ने फिल्म बनाएका छौं । 'पशुपति प्रसाद' भन्ने वितिक्कै दर्शक्ले कथा र इमोसन नै खोज्नुहुन्छ । त्यसमा हामी सचेत छौं ।'

खगेन्द्र लामिछानेको लेखन र निर्माण रहेको यस फिल्ममा विपिन, सौगात र स्वस्तिमाका साथै रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल, संजोग रसाइलीलगायतको अभिनय छ । खगेन्द्र लामिछाने र वर्षा सिवाकोटीको विशेष भूमिका रहेको फिल्मको एक गीतमा अभिनेत्री आँचल शर्माले नृत्य गरेकी छन् ।

आगामी कात्तिक ४ गते (फूलपाती)बाट प्रदर्शन हुन लागेको फिल्ममा निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन तथा दीर्घ खड्काको सम्पादन छ । लेखक लामिछानेले एउटा सार्थक सिक्वेल बनाउने प्रयास गरेको बताएका छन् । 'पशुपति प्रसाद २'लाई कमाईमा 'रेकर्ड ब्रेक' गर्न सक्ने फिल्मको रुपमा हेरिएको छ । उनलाई भने हरेक हप्ता नयाँ फिल्मले रेकर्ड तोड्नुपर्छ भन्ने लाग्छ ।

उनी भन्छन्, 'फिल्मले कमाईमा 'रेकर्ड' बनाउनुपर्छ भनेर चिन्ता लिएर म बस्दिनँ । यद्यपि, मेरो मान्यता के हो भने हरेक हप्ता नयाँ फिल्मले 'रेकर्ड ब्रेक' गर्नुपर्छ । त्यो भयो भने मात्र इन्डस्ट्री एकदमै राम्रो हुन्छ ।

यदि हाम्रो फिल्मले कुनै फिल्मको 'रेकर्ड ब्रेक' गर्‍यो भने त्यसलाई अर्को फिल्मले तोडिहाल्नु पर्छ । छाड्नै हुन्न । हरेक हप्ता 'रेकर्ड ब्रेक' भइरह्यो भने इन्डस्ट्री त्यसै बलियो बनिहाल्छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अझै ५८ प्रतिशत बजार बीमाको पहुँच बाहिरै

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ चालु आर्थिक वर्षको भदौ महिनासम्म बीमा कम्पनीहरुको व्यवसाय वृद्धि भए पनि बीमाको दायरा भने खासै बढ्न सकेको छैन ।

नेपाल बीमा प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार नेपालको कुल जनसंख्याको ५८ प्रतिशत जनसंख्यामा अझै बीमाको पहुँच पुग्न सकेको छैन । जीवन बीमा कम्पनीहरुले भदौ मसान्तसम्म २९ अर्ब १२ करोड रुपैयाँ र निर्जीवन बीमा कम्पनीहरुले ७ अर्ब ८ करोड बढी प्रिमियम भित्राएका छन् । २८ बीमा कम्पनी र ४ लघुबीमा कम्पनीले ३६ अर्ब २१ करोड रुपैयाँभन्दा बढी प्रिमियम भित्राउँदा बीमाको दायरा ४२ प्रतिशत जनसंख्यामा मात्रै पुगेको छ ।

गत वर्षको भदौ महिनासम्म बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (म्यादी, लघुम्यादी र वैदेशिक रोजगार जीवन बीमालेख सहित) ४४ प्रतिशत थियो । गत वर्षको तुलनामा बीमाको दायरामा आएको जनसंख्या प्रतिशत २ प्रतिशतले घट्न पुगेको छ ।

तथ्यांकअनुसार जीवन बीमा कम्पनीहरुको नयाँ व्यवसाय बढ्न सकिरहेको छैन । पुरानै व्यवसाय नवीकरणबाट जीवन बीमा कम्पनीहरुको व्यवसाय धानिरहेको तथ्यांकले देखाउँछ । भदौ मसान्तसम्म जीवन बीमा कम्पनीहरुको नयाँ व्यवसाय १० प्रतिशतले घटेर ४ अर्ब ३३ करोड रुपैयाँ प्रिमियम संकलन भएको छ ।

त्यस्तै, जीवन बीमा कम्पनीहरुको नवीकरण बीमाशुल्क आर्जन भने १६.८० प्रतिशतले वृद्धि भएको छ । भदौ मसान्तसम्म नवीकरणमार्फत जीवन बीमा कम्पनीहरुले २४ अर्ब ७९ करोड रुपैयाँ प्रिमियम उठाएका छन् । तथ्यांकअनुसार जीवन बीमा कम्पनीहरुको नयाँ व्यवसाय उल्लेख्य बढ्न नसकेपनि पुरानै व्यवसाय नवीकरणबाट बीमाशुल्क आर्जन बढाइरहेका छन् । यसकारण पनि बीमाको दायरा नबढेपनि बीमा कम्पनीहरुको व्यापार वृद्धि भएको देखिएको हो ।

प्राधिकरणले बीमाको दायरा बढाउनका लागि विभिन्न खालका बीमासम्बन्धी सचेतनामूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले विभिन्न सार्वजनिक कार्यक्रममा चालु आर्थिक वर्ष २०८०/८१ मा बीमा दायराको जनसंख्या प्रतिशत बढाउनका लागिपरेको बताउँदै आएका छन् । प्राधिकरणको प्रदेशगत कार्यालयले विभिन्न क्षेत्रका स्थानीयसँग बीमा सचेतनासम्बन्धी कार्यक्रमसमेत गर्दै आइरहेको छ । तर, प्राधिकरणले अपेक्षा गरेअनुसारको बीमाको दायरा भने बढ्न सकिरहेको छैन ।

प्राधिकरणले जीवन बीमा कम्पनीलाई प्रदेशगत रुपमा ३ वटा क्षेत्रमा बीमा सचेतना तथा बीमा प्रवर्द्धन कार्यक्रमसमेत गर्न निर्देशन दिँदै आइरहेको छ । तर, बीमा कम्पनीहरुले प्राधिकरणको निर्देशनलाई अटेर गर्दै एउटा प्रदेशमा मात्रै बीमा सचेतना कार्यक्रम गरी आलटाल गर्दै आइरहेको प्राधिकरणले जनाएको छ । गत वर्षको भदौ महिनामा ४४ प्रतिशत जनसंख्यामा रहेको बीमाको पहुँच यस वर्ष झनै घटेर ४२ प्रतिशतमा कायम हुन पुगेको छ ।

बीमाको दायरा घटे पनि बीमा कम्पनीहरुको व्यापार भने फस्टाएको देखिएको छ । भदौ महिनासम्ममा जीवन तथा निर्जीवन बीमा कम्पनीहरुले ३६ अर्ब २१ करोड रुपैयाँभन्दा बढी बीमाशुल्क आर्जन गरेका छन् । गत वर्षको भदौ महिनासम्म बीमा कम्पनीहरुले ३३ अर्ब ९२ करोड रुपैयाँ बीमा शुल्क आर्जन गरेका थिए । गत वर्षको तुलनामा बीमा कम्पनीहरुको व्यापार ६.७५ प्रतिशतले वृद्धि भएको छ ।

चालु आर्थिक वर्षको भदौ महिनासम्म जीवन बीमा कम्पनीले मात्रै २९ अर्ब १३ करोड रुपैयाँ र निर्जीवन बीमा कम्पनीले मात्रै ७ अर्ब ८ करोड रुपैयाँ प्रिमियम संकलन गरेका छन् । यता जीवन तथा निर्जीवन दुवैतर्फको बीमालेखको संख्या भने घट्न पुगेको छ । गत वर्षको भदौ महिनासम्म १ करोड ४० लाख रहेको जीवन बीमालेखको संख्या यस अवधिसम्म ४.१८ प्रतिशतले घटेर १ करोड ३४ लाखमा कायम हुन पुगेको छ । त्यस्तै, ४ लाख ४५ हजार रहेको निर्जीवन बीमालेख संख्या ८.१५ प्रतिशतले घटेर ४ लाख ९ हजारमा सीमित हुन पुगेको छ ।

वैदेशिक रोजगार बीमालेख संख्या भने ५१.८४ प्रतिशतले बढेको छ । नेपाल सरकारले वैदेशिक रोजगारमा जाने नेपालीका लागि वैदेशिक रोजगार बीमा अनिवार्य गरेकोले पनि यस्तो बीमालेखको संख्या बढेको हो । १-२ वटा कम्पनीले मात्रै बिक्री गर्दै आइरहेको वैदेशिक रोजगार बीमालेख हाल १० वटा जीवन बीमा कम्पनीले बिक्री गरिरहेका छन् । यसकारण पनि यो बीमालेखको संख्या गत वर्षको तुलनामा ५१ प्रतिशतले बढ्न पुगेको हो । गत वर्ष ११ लाख २२ हजार २९५ रहेको वैदेशिक रोजगार बीमालेख संख्या यस वर्ष बढेर १७ लाख ४ हजार ७३ पुगेको छ ।

# हाँडीखोलामा आजदेखि जेसीज कप फुटबल

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ चैनपुर जेसीज (प्रस्तावित)को आयोजनामा आजदेखि जेसीज कप फुटबल प्रतियोगिता सुरु हुँदैछ । चाडपर्वको अवसर पारेर राक्सिराङमा गर्न लागिएको प्रतियोगिता वर्षाका कारण हाँडीखोलामै हुन लागेको हो ।

प्रतियोगिताको तयारी पूरा भएको चैनपुर जेसीजका अध्यक्ष गणेश दर्पण अधिकारीले जानकारी दिए । प्रतियोगितामा १६ टिम सहभागी भएर उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । आयोजकले खेल तालिका सार्वजनिक गरेको छ । पहिलो दिन नै दुई खेल हुनेछ । पहिलो खेल सिमपानी युवा क्लव र मनहरी-४ वडा फुटबल टिमको हुनेछ भने दोस्रो खेलमा खरंगा एफसी र हाँडीखोला यूथ क्लव खेल्नेछ । युवाको बीचमा भातृत्वको सम्बन्ध स्थापना, चाडपर्वको शुभकामना आदानप्रदान एवम खेलकुदको विकासका निम्ति प्रतियोगिता गर्न लागिएको चैनपुर जेसीजका अध्यक्ष अधिकारीले जानकारी दिए ।

'प्रतियोगितामा मकवानपुरका १६ वटा क्लवको सहभागिता रहेको छ । प्रत्येक दिन दुई/दुईवटा खेल हुनेछ । प्रतियोगिताको तयारी करिब पूरा भएको छ', जेसीजका अध्यक्ष अधिकारीले भने, 'प्रस्तावित शाखा हौं । प्रतियोगितालाई सभ्य र भव्य बनाउन आवश्यक तयारी गरेका छौं ।', जेसीजले स्थापनादेखि नै युवा लक्षित विभिन्न कार्यक्रम गर्ने जमर्को गर्दै आएको छ ।

मनहरी गाउँपालिका-३, हाँडीखोलास्थित लामिटारको खेलमैदानमा हुने प्रतियोगिताको विजेताले ५० हजार ५५५ रुपैयाँ र उपविजेताले २५ हजार ५२५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने प्रतियोगिता संयोजक चैनपुर जेसीजका कार्यकारिणी उपाध्यक्ष प्रमोद अधिकारीले जानकारी दिए ।

विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताका लागि करिब साढे ३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको आयोजक जेसीजका महासचिव रविन ढकालले जानकारी दिए ।

# कैलाशमा चाडपर्व लक्षित बजार अनुगमन सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकामा पनि चाडपर्व लक्षित बजार अनुगमन थालिएको छ । गाउँपालिकाले बजार अनुगमन निर्देशिका २०८० स्वीकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन सुरु गरेको बताइएको छ ।

गाउँपालिकाले स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हितसंरक्षणका लागि बस्तु तथा सेवाको आपूर्ति मूल्य, गुणस्तर शुद्धता र परिणामलगायत विषयमा अनुगमन तथा निरीक्षण कार्यलाई व्यवस्थित गर्न निर्देशिका बनाई स्वीकृत गरेको अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए । गाउँपालिकाले सोही निर्देशिका बमोजिम सोमबार पालिकाभित्रको बजार क्षेत्रको अनुगमन गरेको हो ।

पालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद रोका, योजना प्रमुख सुरेश न्यौपानेसहित स्थानीय प्रहरीचौकीमा कार्यरत सुरक्षाकमीसमेतको टोलीले बजार क्षेत्रको अनुगमन गरेको हो । साना तथा ठूला खाद्यान्न पसल, होटल, मेडिकल र अन्य पसलहरु दर्ता तथा नवीकरण भए नभएको, मूल्यसूचि तथा साइनबोर्ड टाँस भएनभएको, म्याद गुज्रेका खाद्यान्न तथा उपभोग्य सामग्री बिक्री भएनभएको विषयमा अनुगमन गरिएको प्रमुख प्रशासकीय अधिकृत रोकाले जानकारी दिए ।

अनुगमनका क्रममा म्याद नाघेका खाद्यान्न बरामद गरी नष्ट गरिएको, दर्ता नवीकरण नभएका पसल व्यवसायलाई दर्ता नवीकरण प्रक्रिया अघि बढाउन सुझाव दिइएको रोकाले बताए । उनले अनुगमन चाडपर्व लक्षित भएता पनि आगामी दिनमा निर्देशिका बमोजिम नै अनुगमन कार्यलाई निरन्तरता दिइने बताए ।

# आधुनिक महिला सहकारीको करोबार ६ करोड ३५ लाख

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ हेटौंडा उपमहानगरपालिका-१२ पान्तलेमा रहेको आधुनिक महिला जागृति बचत तथा ऋण सहकारी संस्थाको १८ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशन सोमबार भएको छ ।

संस्थाका अध्यक्ष कमला केसीको सभाध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्यतामा सभा भएको हो । सहकारीले विभिन्न विधामा सदस्यलाई सम्मान गरेको छ । असल ऋणीतर्फ मिलिजुली महिला समूहका मञ्जु थिङ, वरपिपल महिला समूहका लक्ष्मीदेवी पाखिन, नियमित बचततर्फ मितेरी महिला समूहका गीता नेपाल, बीचरोड महिला समूहका बिनु थोकरलाई पुरस्कृत गरिएको थियो ।

यसैगरी, ज्येष्ठ सदस्यतर्फ शान्ता बस्नेत, वीरमाया घलान, असल समूहतर्फ डाँफे महिला समूह, सक्षम महिला समूहलाई सम्मान गरिएको थियो । त्यस्तै, खुत्रुके बचततर्फ आरभ मग्रती शुभलाभ, असीम नगरकोटीलाई पुरस्कृत गरेको थियो । ७९ लाख १६ हजार २ सय शेयरपुजीं रहेको सहकारीले आफ्ना सदस्यलाई ४ करोड ९८ लाख ६२ हजार ९ सय ८६ रुपैयाँ कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक अम्बिका न्यौपानेले जानकारी दिइन् ।

४ करोड २३ लाख ३० हजार १० रुपैयाँ बचत निक्षेप र जगेडा कोषमा भने ५५ लाख ७९ हजार ५७३ रकम रहेको व्यवस्थापक न्यौपानेले बताएकी छन् । सभामा वडा १२ का कार्यबाहक वडाध्यक्ष ज्ञानबहादुर श्रेष्ठ, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, नेफ्स्कुन फिल्ड इन्चार्ज ज्योति महत, महिला मिलन साकोसका अध्यक्ष विष्णुमाया लामा, भुटनदेवी साकोसका अध्यक्ष चमेलीमाया सिंजालीमगर, महिलासेवा साकोसका कोषाध्यक्ष शर्मिला अधिकारी, मञ्जुश्री साकोसका उपाध्यक्ष बसन्ती थिङ, बुद्ध माविका प्रअ किसन थापा, गुप्तेश्वरी कृषि सहकारी संस्थाका सचिव देवमाया सिन्तानलगायतको आतिथ्यता रहेको थियो ।

**अध्यक्षमा सोममाया मोक्तान चयन**

आधुनिक महिला जागृति बचत तथा ऋण सहकारी संस्थाको सोमबार भएको १८ औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेसनबाट सोममाया मोक्तानको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको छ ।

मोक्तान यस अघि संस्थाको सचिव थिइन् । मोक्तानको अध्यक्षतामा ४ वर्षका लागि नयाँ समिति चयन गरिएको हो । संस्थाको उपाध्यक्षमा कमला, सचिवमा लक्ष्मी ढुंगेल, कोषाध्यक्षमा अनिषा पोखरेल चयन भएका छन् । त्यस्तै, संस्थाको कार्यसमिति सदस्यहरुमा भने चित्रकुमारी थिङ, अनिता रिमाल, हरिमाया बल, रीता नेपाल र लीला विक चयन भएका छन् । संस्थाको लेखा समितिको संयोजकमा अञ्जली भोम्जन चयन भएकी छिन् ।

# मोटरसाइकलको ठक्करबाट घाइते पौडेलको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका हेटौंडाका एक जना साइकलयात्रीको उपचारको क्रममा मृत्यु भएको छ ।

सवारी दुर्घटनामा परेर गम्भीर घाइते भएका हेटौंडा उपमहानगरपालिका-१७ का ५० वर्षीय धर्मराज पौडेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । पौडेलको चितवनको भरतपुरस्थित नयाँ मेडिकल कलेजमा उपचार भइरहेको थियो । उपचारकै क्रममा सोमबार उनको मृत्यु भएको मकवानपुरका प्रहरी नायबउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । डिएसपी भण्डारीकाअनुसार धरान-चतरा सडकखण्डअन्तर्गत हेटौंडा-१७ सानो गंगटेस्थित आइतबार साँझ हेटौंडा बजारबाट हात्तिसुडेतर्फ जाँदै गरेको ना ६ प ७१२ नम्बरको मोटर साइकलले ठक्कर दिँदा साइकलयात्री पौडेले गम्भीर घाइते भएका हुन् ।

उनलाई तत्काल उद्दार गरी हेटौंडा अस्पतालमा ल्याएकोमा उपचार सम्भव नभएपछि आइतबार राति नै भरतपुर रिफर गरिएको थियो । पौडेललाई ठक्कर दिने मोटर साइकल र चालक बकैया गाउँपालिका-१२ घलेगाउँका ३१ वर्षीय बलराम घलेलाई नियन्त्रणमा लिई घटनाबारे आवश्यक अनुसन्धान गरिरहेको प्रहरी नायबउपरीक्षक भण्डारीले बताए ।

धरान-चतरा सडकखण्ड अन्तर्गत जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाको झुरझुरेदेखि हटियासम्मको सडकखण्डमा दुर्घटना बढ्दो क्रममा छ । फराकिलो कालोपत्रे सडकमा तीव्र गतिले सवारी चलाउँदा दुर्घटना पनि बढेको ट्राफिक प्रहरीको अनुसन्धानले देखाएको छ ।

# इजरायलमा रहेका नेपाली उद्दार गर्न एमाले बागमतीको माग

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ इजरायलमा हालै भएको आक्रमणको घटनाप्रति नेकपा एमाले बागमती प्रदेशले दुःख व्यक्त गरेको छ । प्रमुख प्रतिपक्षी दल समेत रहेको नेकपा एमालेले सोमबार विज्ञप्ती जारी गर्दै इजरायलमा हालै भएको आक्रमणमा परी १० जना नेपालीको निधन भएको, केही घाइते भएको तथा केही सम्पर्कविहीन भएको घटनाप्रति नेकपा एमाले बागमती प्रदेश गहिरो दुःख व्यक्त गरेको हो ।

दलका नेता जगन्नाथ थपलियाद्वारा हस्ताक्षरीत विज्ञप्तीमा भनिएको छ 'परदेशमा रहेर अध्ययन तथा श्रम गरिरहेका नेपाली नागरिकमाथि आइलागेको यो विषम् परिस्थितिको गम्भीरतालाई बुझ्न र तत्काल उद्दारका लागि पहल गर्न नेकपा(एमाले) सरकारसँग जोडदार माग गर्दछ ।'

एमालले मृतकहरुको शव पहिचान गरी यथाशक्य छिटो नेपाल ल्याउन एवं घाईतेहरुको उद्दार र उचित उपचारको प्रवन्ध गर्न र गराउन प्रदेश सरकारमार्फत् नेपाल सरकारलाई अनुरोध समेत गरेको छ । यसैगरी रोजगारी, अध्ययन एवं अन्य शीलशीलामा इजरायल गएका नागरिकलाई तत्काल स्वदेश फिर्ता ल्याउन नेकपा (एमाले)ले माग गरेको छ ।

# भीमफेदीमा मोटरसाइकल दुर्घटना, दुईजना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ मकवानपुरको भीमफेदी गाउँपालिका-१, स्थित सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा दुईजना घाइते भएका छन् ।

घाइते हुनेहरुमा ओखलढुंगा खिजिदेम्बा गाउँपालिका-३ पुठा बस्ने ४८ बर्षीय छिरिङ शेर्पा र सोलुभकाण्डे गाउँपालिका-५ बस्ने ४३ बर्षीय तेम्बा शेर्पा रहेका छन् ।

हेटौंडा-भैसे-भीमफेदीअन्तर्गत आइतबार दिउँसो हेटौंडाबाट भैसेतर्फ जाँदै गरेको बा ६४ प ८५७० नम्बरको मोटर साइकल आफैं अनियन्त्रित भएर दुर्घटना हुँदा शेर्पाद्वय घाइते भएका थिए । उनीहरुको हेटौंडा अस्पतालमा लगिएकोमा थप उपचारको लागि काठमाडौं रिफर गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।


## सूचना ! सूचना ! सूचना !

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगर पालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

**सम्पर्कको लागि**

महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं : ०५७-५९०१०३
अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Cameo International Pvt. Ltd कम्पनीले **China** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (**MRP**) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं | मालबस्तुको विवरण | ब्राण्ड | मोडल | उत्पतिको मुलुक/राष्ट्र | इकाई | अधिकतम खुद्रा इकाई मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | Cameo Earbuds Fire100 | Cameo | fire100 | China | 1500 PCS | 1,000 | |

**बिक्रता फर्मको नाम** : Cameo International Pvt. Ltd.
**ठेगाना** : Kathmandu, Nepal

**PAN.No:-** 609867963
**Mobile.No:-** 9802920674



## डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।

- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।



डेंगु रोगको उपचार :

- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :



- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तैः खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।

**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
हेटौंडा, मकवानपुर



## २७औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

उपरोक्त सम्बन्धमा संस्थाको मिति २०८०।०५।०९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषय उपर छलफल गरी निर्णय गर्न यस संस्थाको २७ औं वार्षिक साधारणसभा देहायको मिति, स्थान र समयमा बस्ने भएको हुँदा यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय** :
मिति : २०८० साल आश्विन २७ गते शनिबार
स्थान : यूनिटि भिलेज पाटी प्यालेस, हेटौंडा-९ ।
समय : बिहान १०:०० बजे देखि ३:०० बजे सम्म ।

**छलफलका विषयहरू** :
क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रगति प्रतिवेदन तथा प्रस्तावित निति तथा कार्यक्रम सम्बन्धमा ।
ख) आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
ग) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
घ) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
ङ) चालु आ.व.०८०/८१ का लागि प्रस्तावित आय व्यय विवरण सम्बन्धमा ।
च) चालु आ.व.०८०/८१ का लागि लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
छ) नीति तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
ज) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
ञ) विविध ।

**नोट** : १. साधारण सभामा सदस्य स्वयं उपस्थित भएमा यातायात भत्ता बापत रु ५००।- मा कर कट्टि गरि र खाजा खर्चबापत रु २०० सम्बन्धित सदस्यको बचत खातामा जम्मा गरिनेछ ।

नारायण प्रसाद खतिवडा (सचिव)
**नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि.**
पशुपतिनगर, हेटौंडा-९, मकवानपुर



## कृषि तथा पशु प्रवर्द्धन कार्यक्रम अन्तर्गत डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान वितरण गर्ने सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०६/२३ गते)

चालू आर्थिक वर्षको स्वीकृत कृषि तथा पशु प्रवर्द्धन कार्यक्रम अन्तर्गत डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान वितरण गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८०/०६/११ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका उपभोक्ता समूह वा समितिबाट सामुदायिक रूपमा संचालनमा रहेको डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल रकम सोधभर्ना अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशील बमोजिम शर्तहरूको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**
- वडा नं. १६ भित्रका सिंचाई कार्यमा प्रयोग हुने डिप बोरिङ र नियमानुसार जडित विद्युत् मिटर हुनुपर्नेछ ।
- डिप बोरिङ उपभोक्ता समिति वा समूह वा सार्वजनिक रूपमा समुदायद्वारा संचालित र उपभोग गरेको हुनुपर्नेछ ।
- डिप बोरिङ मिटरमा लाग्ने विद्युत् महशुल मासिक रूपमा सम्बन्धित् उपभोक्ता समूह वा समितिबाट सम्बन्धित् निकायमा बुझाएको रसिद पेश भएपश्चात् वडा कार्यालयले सो को सोधभर्ना भुक्तानी व्यहोर्नेछ । तर उक्त सोधभर्ना रकममा विद्युत् मिटर जडान, मर्मत तथा अन्य संचालन खर्च र जरिवाना आदि रकमको सोधभर्ना वडा कार्यालयबाट दिइने छैन ।
- अनुदान प्राप्त गर्ने उपभोक्ता समिति वा समूह छनौट गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वडा कार्यालयको रहनेछ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**
- उपभोक्ता समिति वा समूह दर्ता र नवीकरणका कागजातहरूको प्रतिलिपि
- सम्बन्धित् उपभोक्ता समूह वा समितिको निर्णय
- निवेदन

**हेटौंडा उपमहानगरपालिका**
**१६ नं. वडा कार्यालय**
हेटौंडा, मकवानपुर ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना